का.जि.प्र.का.द.नं. १००/०५९/६०
१३ माघ २०८१,
आइतबार
26 January, 2025
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ३३८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# सक्रिय देउवा

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारको कामलाई लिएर पार्टीभित्र रहेको असन्तुष्टिलाई समेत बाहिर नलैजाने गरी कांग्रेस सभापति शेरबहादुर देउवा सक्रिय भएका छन् । उनी निरन्तर सत्तागठबन्धनमा समस्या नरहेको सन्देश पनि दिइरहेका छन् ।

**जानकी पाठक / मध्यान्ह**
काठमाडौं, १२ माघ ।

संघीय संसद्को हिउँदे अधिवेशनको समय नजिकिँदै गर्दा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको सक्रियता बढेको छ । कांग्रेस प्रमुख सत्तारुढ दल हो । वर्तमान सरकारको जग नै कांग्रेस हो । तर, कांग्रेस भित्र समेत सरकारको कामकारबाहीलाई लिएर प्रश्न छ । भूराजनीतिक प्रेसर पनि छ । विपक्षी दलहरूले पनि वैकल्पिक सरकार खोज्न स्वभाविक हो । तर, यो बेला कांग्रेस सभापति देउवा सरकारको कामको गति बढाउने गरी निरन्तर सक्रिय भइराखेका छन् ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारको कामलाई लिएर भएको आलोचना समेतको बचाउ गर्दै देउवाले गठबन्धनमा समस्या नरहेको सन्देश दिइरहेका हुन् ।

शनिबार पार्टीको संसदीय दलको कार्यालय सिंहदरबारमा पार्टीका पदाधिकारी, पूर्वपदाधिकारी र सांसद एवं पार्टीबाट सरकारमा सहभागी मन्त्रीहरूसँग छलफल गरे । छलफलमा सभापति देउवाले संसद्मा एक स्वरका साथ एउटै आवाज उठाउन निर्देशन दिए ।

संसद् अधिवेशन नरहेका बेला सरकारले ल्याएका अध्यादेशको पक्षमा एकढिक्का हुन पनि निर्देश छ । संसद् अधिवेशन बोलाउन सिफारिस गर्नु केही दिनअघि सरकारले ६ अध्यादेश ल्याएको थियो । संसद् छलेर सरकारले अध्यादेश ल्याएको भन्दै कांग्रेसकै कतिपय नेताबाटसमेत आलोचना भइरहेको छ ।

तर, कांग्रेस सभापति देउवा अध्यादेशको पक्षमा छन् । देउवाले अध्यादेशको पक्षमा एकढिक्का हुन सबैलाई निर्देश समेत दिए । देउवाले पार्टीका तर्फबाट सरकारमा सहभागी मन्त्रीहरूसँग दोस्रो पटक औपचारिक रुपमै छलफल गरेका हुन् । पार्टीका पदाधिकारी र मन्त्रीहरूसँग >>> पृष्ठ २ मा



संसद्मा प्रस्तुत हुने विधेयक, अध्यादेश तथा आउँदै गरेका विधेयकबारे गहन छलफल भएको छ । सरकारको कामकारबाहीकोविषयमा समेत समीक्षा भएको छ । आगामी योजना र कामको गति बढाउने विषयमा कुरा भएको छ ।

■ **श्यामकुमार घिमिरे**
**प्रमुख सचेतक, कांग्रेस**



## अमेरिकाले रोक्यो वैदेशिक सहायता

# नेपालको विकासमा असर पर्ने चिन्ता



अमेरिकाले दिँदै आएको वैदेशिक सहयोगबारेका नीतिहरुमा फेरबदल गर्न गर्ने नीतिअनुसार नै निर्णय भएको छ

■ **अरुण सुवेदी**, परराष्ट्रविद्

**निमिष झा / मध्यान्ह**
काठमाडौं, १२ माघ

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले सबै अन्तर्राष्ट्रिय वैदेशिक सहायतालाई तत्कालका लागि रोक लगायने निर्णय गरेको छ । साथै नयाँ सहायता दिने कार्यलाई पनि स्थगित गरेको छ ।

अमेरिकी विदेश मन्त्रालयले देशबाहिर रहेका आफ्ना अधिकारी तथा अमेरिकी दूतावासहरूलाई एउटा आन्तरिक पत्र पठाउँदै अन्तर्राष्ट्रिय वैदेशिक सहायतालाई तत्कालका लागि रोक लगाइएको र नयाँ सहायता दिने कार्यलाई पनि स्थगित गरिएको जनाएको छ ।

अमेरिकी विदेश मन्त्रालयले आफू मातहतका निकायलाई पठाएको उक्त आन्तरिक पत्रको विषय चुहिए पछि यो विषय सार्वजनिक भएको हो ।

राष्ट्रपति ट्रम्पले गत सोमबार ४७ औं राष्ट्रपतिको सपथ लिएपछि अमेरिकाले दिँदै आएको वैदेशिक विकास सहायतालाई ९० दिनका लागि स्थगित गर्ने एउटा कार्यकारी आदेशमा हस्ताक्षर गरेका थिए । उक्त आदेशपछि विदेश मन्त्रालयले आफू मातहतका निकायहरूलाई त्यस्तो पत्र पठाएको हो ।

अमेरिकाले वैदेशिक सहायता रोक्ने निर्णय गरेपछि यसबाट नेपालसहित विकासोन्मुख देशहरू प्रत्यक्ष प्रभावित हुनेछन् ।

परराष्ट्र मन्त्रालयका एक अधिकारीका अनुसार यस निर्णयले अमेरिकाले नेपाललाई दिने अनुदान र अन्य सहायता कार्यक्रममा ठूलो प्रभाव पार्न सक्ने बताएका छन् ।

नेपाल र अमेरिकाबीच १९४८ मा द्विपक्षीय दौत्य सम्बन्ध >>> पृष्ठ २ मा

### कस्ता सहायता रोकियो ?

ट्रम्पले त्यस्ता सहायताहरूको प्रभावकारिता र निरन्तरताबारे समीक्षा गरेर आफ्नो विदेश नीतिलाई अघि बढाउने उद्देश्यका साथ कार्यकारी आदेश जारी गरेका थिए । अमेरिकी सरकारको तथ्यांकअनुसार अमेरिका विश्वकै सबैभन्दा धेरै वैदेशिक विकास सहायता दिने देश हो । उसले सन् २०२३ मा ६८ अर्ब अमेरिकी डलर बराबरको अन्तर्राष्ट्रिय सहायता प्रदान गरेको थियो ।

अमेरिकाले वैदेशिक सहायता रोक्ने निर्णय गरेपनि आपतकालीन खाद्य सहायता र इजरायल तथा इजिप्टको सैन्य कोषका निम्ति भने रोक लगाइएको छैन ।

सार्वजनिक पत्रमा सबै वैदेशिक सहायताबारे व्यापक रूपमा ८५ दिनभित्र समीक्षा गरेर त्यसले राष्ट्रपति >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मलेसियामा अवैधानिक बसेका १६ नेपाली पक्राउ

**तिलोचन गौतम / मध्यान्ह**
मलेसिया, १२ माघ

मलेसियाले अवैधानिकरुपमा बसेका बिदेशीहरुको धरपकडलाई तिव्रता दिएको छ । धरपकडमा नेपालीहरु पनि परिरहेका छन् ।यसक्रममा मलेसियामा पछिल्लो पटकको धरपकडमा १६ नेपाली पक्राउ परेका छन् । मलेसियाको अध्यागमन विभागले क्वालालम्पुरको बुकित बिन्ताङमा अवस्थित जालान अलोर वरपर गत हप्ता गरेको धरपकडमा नेपालीसहित १७६ जना अवैधानिक विदेशी कामदार पक्राउ परेको जनाएको छ । मलेसियन प्रहरीले जनस्तरबाट आएको सार्वजनिक गुनासो र गुप्तचरको आधारमा जालान आलोरमा गरिएको छापामारीको क्रममा अवैधानिक हैसियतमा रहेका १६ जना नेपालीसहित ७१ जना बंगलादेशी, ६० जना म्यानमारका, २४ इन्डोनेसियाली, ३ जना पाकिस्तानी तथा १-१ जना इजिप्सियन र सुडानी पक्राउ परेको जनाएको छ ।

पक्राउ परेका अवैधानिक हैसियतका आप्रवासी कामदारविरुद्ध अध्यागमन ऐन र नियमावलीबमोजिम अनुसन्धान र कारबाही हुने बताइएको छ । मलेसियामा अध्यागमनद्वारा पक्राउ परेमा कम्तीमा पनि ३ महिना जेल सजाय र १० हजार जरिमाना अथवा दुबै सजाय हुन सक्ने कानुनी प्रावधान छ । मलेसियाले पछिल्लो समय अध्यागमन कानुन उलंघन गरेका विदेशीहरुविरुद्ध धरपकडको कार्य तीव्र पार्ने बताएको छ ।

मलेसियाले अवैधानिकरूपमा बसेका आप्रवासी कामदारसहित अन्यलाई उनीहरूको मुलुकमा फर्काउन सन् २०२३ जुन महिनाको २७ तारिकदेखि सन् २०२४ को जुन ३० तारिकसम्म 'रिक्यालिब्रेसन २.० ' कार्यक्रम संचालन गरेको थियो । सो अवधि समाप्त भइसकेपछि भविष्यमा पनि 'रिक्यालिब्रेसन ३.०' कार्यक्रम संचालन हुने सामाजिक संजालमा व्यापकरूपमा प्रचारप्रसार भएपछि मलेसियाका अध्यागमनले केही दिनअघि 'रिक्यालिब्रेसन ३.०' कार्यक्रम संचालन नहुने भन्दै भ्रममा नपर्न र ठगीबाट बच्न अनुरोध गरेको थियो ।

मलेसियाले अवैधानिक अवस्थामा लुकिछिपी रहेका विदेशी कामदार सफाइ गरेपछि नयाँ कामदारको एप्रुभल खोल्ने धेरैजसोको आंकलन रहेको छ । हाल साना तथा मझौला उद्योग र पाम आयल क्षेत्रमा विदेशी कामदारको अभाव चर्किएको त्यहाँका सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् । २०२३ को मार्च ३१ तारिकदेखि विदेशी कामदारको एप्रुभल रोकेको मलेसियाले विदेशी कामदारका सम्बन्धमा चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अर्थात् मार्चमा निर्णय गर्ने बताएको छ ।

मलेसियाले यसअघिको जस्तो विदेशी कामदारको सट्टामा स्वदेशी जनशक्ति र अटोमेसन प्रविधि अर्थात् यान्त्रिकीकरणलाई जोड दिने बताएको छ । त्यसले विदेशी कामदारको संख्या घटाउने अनुमान गरिएको छ ।

# कर्णालीको विकास बजेटमा झिनो सुधार

चालु आर्थिक वर्ष २०८१/०८२ को ६ महिनासम्म १५ दशमलव १४ प्रतिशत बजेट खर्च भएको छ । यो गत वर्षको तुलनामा २ दशमलव ०१ प्रतिशतले बढी हो ।

**कुलेन्द्र शाही / मध्यान्ह**
सुर्खेत, १२ माघ ।

कर्णाली प्रदेश सरकारको प्रत्येक वर्षको प्रमुख समस्या हो- अपेक्षित बजेट खर्च हुन नसक्नु । चालु आर्थिक वर्षमा सुधार गर्ने प्रतिवद्धता रहेता पनि अपेक्षित रुपमा प्रगति हासिल हुन सकेको छैन ।

बजेट खर्च नहुँदा विकास निर्माणलगायतका कामहरू समयमै सम्पन्न हुन सकिरहेका छैनन् । हरेक वर्ष बजेट छुट्ट्याइने तर त्यसको समयमै अख्तियारी नपुग्दा विकासले गति लिन सकेको छैन । यसले जनतामा निराशा पैदा भएको छ । प्रत्येक वर्षहरू झैं यस पटक पनि कर्णाली प्रदेश सरकारले छुट्टाएको बजेट खर्च हुने अवस्था देखिदैन् । संघीय सरकारले आवश्यकताअनुसार बजेट उपलब्ध नगराएको गुनासो गर्ने प्रदेश सरकारले संघीय सरकारकै अनुदानलाई आधार मानेर बनाएको बजेट अहिलेसम्म १५ प्रतिशत मात्रै खर्च गरेको छ ।

चालु आर्थिक वर्ष २०८१/०८२ को ६ महिनासम्म १५ दशमलव १४ प्रतिशत मात्रै बजेट खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ । यो गत वर्षको तुलनामा २ दशमलव ०१ प्रतिशतले बढेको हो । तर चालु आवमा यसमध्ये पुँजीगत भन्दा चालु खर्च तेब्बरले वृद्धि भएको छ । सरकारले २४ दशमलव ८७ प्रतिशत अर्थात् तीन अर्ब ८ करोड ५४ लाख ८ सय ९६ रुपैंया, १९ पैसा खर्च हुँदा पुँजीगत ८ दशमलव ९० प्रतिशत अर्थात् १ अर्ब ६६ करोड ९३ लाख ६० हजार ३ सय ८९ रुपैयाँ ८ पैसा खर्च भएको छ ।

मंसिर मसान्तसम्म प्रदेश सरकारको पुँजीगत खर्च एक अर्ब चार करोड ४२ लाख ५३ हजार ९९९ रुपैयाँ पुगेको थियो । >>> पृष्ठ २ मा



### २६ अर्ब ६५ करोड बढी बजेट खातामै

६ महिना बितिसक्दा पनि प्रदेश सरकार बजेट खर्चमा निकै सुस्त देखिएको छ । प्रदेश सरकारले चालु आर्थिक वर्षमा विकास बजेट कम्तीमा ८० प्रतिशत खर्च गर्ने लक्ष्य राखेको छ । हालसम्म बजेट खर्च भएको आधार मान्ने हो भने विकास खर्च ८० प्रतिशत हुने सम्भावना कमै देखिन्छ ।

तर असार मसान्तमा दिनमै अर्बौं बजेट खर्च हुने भएकाले यस वर्ष पनि विगतका वर्षहरू जस्तै सरकार लक्ष्य प्राप्त गर्न सकिने आकलन गर्न सकिन्छ । यो वर्ष विनियोजन >>> पृष्ठ २ मा

**सक्रिय...**

निरन्तर संवाद गरिरहेका देउवा सरकारको गति बढाउन चाहन्छन्। यसअनुसार प्रस्तुत हुन सांसदहरूलाई समेत उनको निर्देशन छ। कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेले संसद्मा प्रस्तुत हुने विधेयक, अध्यादेश तथा आउँदै गरेका विधेयकबारे गहन छलफल भएको बताए।

उनले भनेका छन्, 'संसद्मा प्रस्तुत हुने विधेयक, अध्यादेश तथा आउँदै गरेका विधेयकबारे गहन छलफल भएको छ। सरकारको कामकारबाहीको विषयमा समेत समीक्षा भएको छ। आगामी योजना र कामको गति बढाउने विषयमा कुरा भएको छ।' शनिवार पार्टीका पदाधिकारी, पूर्वपदाधिकारी र सांसद एवं पार्टीबाट सरकारमा सहभागी मन्त्रीहरूसँग छलफल गरेका कांग्रेस सभापति देउवाले आइतबार संसदीय दलको बैठक बोलाएका छन्।

कांग्रेस संसदीय दलको बैठक आइतबार बस्दैछ। संघीय संसद् अधिवेशन सुरु हुनुअघि आवश्यक रणनीति तय गर्न संसदीय दलको बैठक बस्न लागेको हो। बैठकमा सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा बैठक बस्नेछ।

यही १८ माघबाट संसद्को अधिवेशन सुरु हुँदैछ। सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले अधिवेशन आह्वान गरिसकेका छन्।

अधिवेशनमा प्रस्तुत हुने नीति, सरकारले ल्याएका अध्यादेशमाथि छलफल, आउँदो अधिवेशनमा प्रस्तुत हुने नयाँ विधेयकहरू तथा यसअघि नै प्रस्तुत भइसकेका तर, विभिन्न समितिमा छलफलको चरणमा रहेका विधेयकहरूमाथि समेत छलफल हुनेछ। प्रमुख सचेतक घिमिरेका अनुसार सरकारले अध्यादेशमाथि असन्तुष्टि भए पार्टीभित्र राख्न भनिएको छ।

यो विषयमा समेत संसदीय दलको बैठकमा छलफल हुनेछ। शनिवार समेत यो विषयमा छलफल भएको छ। प्रमुख सचेतक घिमिरेका अनुसार सरकारले ल्याएका अध्यादेशबारे कांग्रेसभित्र रहेका केही असन्तुष्टि छन्। असन्तुष्टि संसदीय दलको बैठकमै प्रस्तुत गर्न भनिएको छ। बाहिर प्रस्तुत हुँदा एकढिक्का हुने पार्टीको नीति हुनेछ।

**नेपालको...**

स्थापना भएको हो। नेपाल र अमेरिकाबीच भएको 'फोर प्वाइन्ट एग्रिमेन्ट' सहायता संझौताअनुसार यातायात, सञ्चार, स्वास्थ्य तथा परिवार नियोजन, औलो उन्मूलन, कृषि, वन तथा विद्युत्लगायतका कार्यक्रममा नेपाललाई सहयोग गर्दै आएको छ। विसं २००८ देखि कोलम्बो योजनाअन्तर्गत नेपाललाई छात्रवृत्तिका लागि अनुदान पनि अमेरिकाले सहयोग गरेको हो।

नेपालको सामाजिक-आर्थिक अवस्थाको विकासका लागि अमेरिकाले सधैं सहयोग गर्दै आएको छ। सन् १९४७ मा भएको वाणिज्य तथा मैत्री सम्झौता, १९५१ मा प्राविधिक सहयोगका लागि भएको सामान्य सम्झौताले दुई देशबीचको द्विपक्षीय सम्बन्धलाई सुदृढ बनाउन योगदान दिएको छ।

सन् १९५० को दशकमा नेपाललाई सहयोग गर्ने अमेरिका अन्य दाता राष्ट्रहरू चीन, रूस, स्विटजरल्यान्ड, अस्ट्रेलिया, जापान र न्युजिल्यान्डमध्ये प्रमुख थिए। अमेरिका नेपाललाई सहायता र अनुदान सहयोग गर्ने राष्ट्रहरूमा चौँथो नम्बरमा छ। चीन, भारत, संयुक्त राष्ट्रसंघीय कार्यक्रम, एशियाली विकास बैंक, जापान लगायतका देश तथा संस्थाहरूले अमेरिकाको भन्दा कम अनुदान दिने गरेको तथ्यांकले देखाउँछ। अर्थ मन्त्रालयले प्रकाशित गरेको विकास सहायता प्रतिवेदन २०१७/१८अनुसार अमेरिका नेपालको दोस्रो ठूलो द्विपक्षीय विकास साझेदार राष्ट्र हो।

अमेरिकाले २०१७/१८ मा नेपालमा कुल ११ करोड ७८ लाख डलर अर्थात् करिब १३ अर्ब ४३ करोड रुपैयाँ सहायता उपलब्ध गराएको थियो। जसमध्ये ७ करोड ३३ लाख डलर बराबरको प्राविधिक सहायता गरेको थियो। मन्त्रालयले २०१८/१९ र १९/२० र २०/२१ को सहायता प्रतिवेदन प्रकाशित गरेको छैन।

अमेरिकाले गर्ने सहायता २२ मन्त्रालय अन्तरगत विभिन्न कार्यक्रमका लागि खर्च हुन्छ। तर अधिक प्राविधिक सहायता रकम बजेटरी प्रणालीभन्दा बाहिरबाट आउँछ र भुक्तानी हुन्छ।

अमेरिकाले मुख्य रूपमा नेपाललाई अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी)मार्फत् सहयोग उपलब्ध गराउँदै आएको छ। अहिले यूएसएआईडीमार्फत विभिन्न सरकारी तथा गैरसरकारी संस्थाले कार्यक्रम लिएर सामाजिक विकासका कार्यक्रमहरू चलाएका छन्। त्यसबाहेक नेपालले अमेरिकाबाट सैन्य सहयोग पनि लिने गरेको छ। सन् २०२०/२१ मा युएसएडले ९ करोड ४६ लाख डलर सहयोग गरेको छ।

२२ वैशाख २०७९ मा नेपाल सरकारले युएसएआईडीमार्फत् नयाँ विकास उद्देश्य सम्झौतामा हस्ताक्षर गरेको थियो। यस सहायता सम्झौताले ५ वर्षको अवधिलाई समेटेको छ। यसमा अमेरिका र नेपालबीचका सहयोग र सहकार्यका विकासका बृहत् क्षेत्रहरूको रूपरेखा प्रस्तुत गरिएको छ। ५ वर्षको अवधिमा ६५ करोड ९० लाख अमेरिकी डलर अर्थात् ७९.७१ अर्ब रुपैयाँ बराबरको अनुदान अमेरिकाले दिएको छ। १५ फागुन २०७८मा नेपालको संसदले अमेरिकी सहयोग परियोजना मिलेनियन च्यालेन्ज कम्प्याक्ट (एमसीसी) अनुमोदन गरेको थियो। नेपालको ऊर्जा र सडक पूर्वाधार विकासका लागि भएको ५०० मिलियन अमेरिकी डलर अनुदान सम्झौता भएको हो। यो परियोजना अहिले कार्यान्वयनको चरणमा छ।

अघिल्लो आर्थिक वर्षको तथ्यांकअनुसार नेपाल र अमेरिकाबीच २ अर्ब १६ करोड रुपैयाँभन्दा बढीको व्यापार घाटा छ। नेपालले अमेरिका १७ अर्ब ३१ करोड रुपैयाँबराबरको सामान निर्यात गरेको थियो भने अमेरिकाबाट १९ अर्ब ४८ करोड रुपैयाँबराबरको आयात गरेको थियो।

नेपालजस्ता कैयौं अल्पविकसित देशहरूले चुनौतीका रूपमा सामना गरिरहेको जलवायु परिवर्तन लगायतका सवाललाई ट्रम्प प्रसाशनले गम्भीरतापूर्वक लिएको पाइँदैन।

अघिल्लो कार्यकालमा ट्रम्पले पृथ्वीको तापमान वृद्धिलाई १.५ सेल्सियसमा सिमित राख्न गरिएको पेरिस सम्झौताबाट अमेरिकालाई अलग गरेका छन्।

ट्रम्पकै कार्यकालमा अमेरिका विश्व सम्पदाहरूको संरक्षण सम्बन्धी निकाय यूनेस्कोबाट अलग भएको थियो भने उनले अमेरिकालाई राष्ट्रसंघको मानवअधिकार परिषद्बाट पनि अलग गरेका थिए।

यसपटक पनि ट्रम्पले पदभार ग्रहण गरेपछि नेपालजस्ता देशलाई अमेरिकाले दिदैं आएको वैदेशिक सहयोगबारेका नीतिहरूमा फेरबदल गर्न गर्ने नीतिअनुसार नै निर्णय भएको परराष्ट्र मामिलाका जानकार अरुण सुवेदी बताउँछन्।

'ट्रम्प वित्तीय दायित्व बाँडफाँट गर्नुपर्छ भन्ने कुराको बलियो पक्षधर हुन्। त्यही भएर रणनीतिक लाभ हुने आयाम भएको अवस्थामा बाहेक उनले नेपालमा व्यापक विकास सहायतालाई समर्थन गर्ने छैनन्', उनले भने।

पूर्ववाणिज्य सचिव पुरुषोत्तम ओझाका अनुसार सन् २०१५ मा विनाशकारी भूकम्पपछि नेपालमा उत्पादित केही वस्तुहरूलाई भन्सार छुट दिने निर्णय अमेरिकाले लिएको थियो। त्यसको म्याद सन् २०२५ को डिसेम्बरमा सकिँदै छ। त्यसलाई थप्न सकियो भने एउटा उपलब्धि हुने उनको भनाइ छ।

सन् २०२४ को सेप्टेम्बरमा सम्पन्न व्यापार र लगानीसम्बन्धी फ्रेमवर्क सम्झौता हेर्ने संयन्त्र (टिफा काउन्सिल)को बैठकमा नेपालले 'एनटीपीपी' भनिने उक्त योजनालाई सन् २०२५ पछि पनि विस्तार गर्न अनुरोध गरेको थियो। तर ट्रम्प प्रसाशनले वैदेशिक सहायता रोक्ने निर्णय गरेपछि एनटीपीपी योजना अलपत्र पर्न सक्ने पूर्वसचिव ओझाले बताए।

**कस्ता...**

ट्रम्पका विदेश नीतिसम्बन्धी लक्ष्य पूर्ति गर्ने सुनिश्चित गर्न निर्देशन दिइएको छ।

अमेरिकी विदेशमन्त्री मार्को रुबिओले पहिले नै विदेशमा गर्ने सबै खर्चले अमेरिकालाई मजबुत, सुरक्षित वा अझ समृद्ध बनाउँछ भन्ने सुनिश्चित गर्नुपर्ने बताएका छन्। मध्यपूर्वमा अमेरिकी अन्तरष्ट्रिय सहायता एजेन्सी (यूएसएआईडी)का पूर्वनियोग निर्देशक डेभ हार्डनले यो कदम धेरै अर्थपूर्ण रहेको बताएका छन्। उनले खानेपानी, सरसफाइ र आश्रयस्थल निर्माणलगायतका महत्वपूर्ण विकास आयोजनामा व्यापक असर पर्छ सक्ने बताए। एएफपी समाचार संस्थाका अनुसार सहायता स्थगित गर्दा त्यसले युक्रेनलाई असर गर्न सक्छ। उसले ट्रम्पका पूर्ववर्ती जो बाइडनको नेतृत्वमा रहेको अमेरिकाबाट अबौं डलर बराबरका अस्त्र सहायता पाएका थियो।

**कर्णालीको...**

यस्तै कार्तिक मसान्तसम्म प्रदेश सरकारले ९० करोड ३२ लाख २ हजार ९९३ रुपैयाँ विकास बजेट कार्यान्वयन गरेको थियो। चालु आर्थिक वर्षका लागि पुँजीगत अर्थात् विकास बजेटतर्फ प्रदेश सरकारले १८ अर्ब ७५ करोड ५१ लाख ६८ हजार रुपैयाँ विनियोजन गरेको छ।

**कर्णालीको...**

भएको ३१ अर्ब ४१ करोड ४१ हजारमध्ये प्रदेश सरकारसँग २६ अर्ब ६५ करोड ५२ लाख ७९ हजार ७ सय १४ रुपैया ७३ पैसा बजेट मौज्दात रहेको छ। मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश लोक सेवा आयोगको कार्यालयको सबैभन्दा बढी बजेट मौज्दात रहेको छ। यी दुई कार्यालयले हालसम्म एक प्रतिशत रकम पनि खर्च गरेका छैनन्। आठ वटा मन्त्रालय रहेको कर्णालीमा सबै मन्त्रालयको विकास बजेट खर्च निराशाजनक देखिएको छ। मन्त्रालयहरूले विकास बजेट खर्च बढाउनको लागि चासो नदेखाएकाले कुनै पनि मन्त्रालयको बजेट खर्चको अवस्था नाजुक रहको छ। कर्णाली प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले पुस मसान्तसम्म पुँजीगत बजेट ६.०४ प्रतिशत र चालुतर्फ १४.२२ प्रतिशत बजेट कार्यान्वयन गरेको छ।

यस्तै अर्थ मन्त्रालयले पुँजीगत बजेट ७०.१७ प्रतिशत र चालुतर्फ ३२.५६ प्रतिशत खर्च गरेको छ भने कानुन मन्त्रालयले पुँजीगत बजेट १.९३. प्रतिशत र चालुतर्फ ५.५१ प्रतिशत, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालयले पुँजीगत बजेट ४.७२ प्रतिशत, र चालुतर्फ ३२.९१ प्रतिशत, भौतिक पूर्वाधार विकास मन्त्रालयले पुँजीगत बजेट १०.०३ प्रतिशत, र चालुतर्फ ३४.८० प्रतिशत बजेट कार्यान्वयन गरेको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ।

जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयले पुँजीगत बजेट ५.६८ प्रतिशत र चालुतर्फ ३१.८७ प्रतिशत, सामाजिक विकास मन्त्रालयले पुँजीगत बजेट १४.९३ प्रतिशत र चालुतर्फ ३० प्रतिशत र भूमि, व्यवस्था, कृषि तथा सहकारी विकास मन्त्रालयले यो अवधिमा पुँजीगत बजेटतर्फ ४.९१ प्रतिशत र चालुतर्फ १८.०८ प्रतिशत बजेट कार्यान्वयन गरेको छ।

प्रदेश सरकारले बजेट कार्यान्वयन शतप्रतिशत गर्ने लक्ष्य राखेको हुन्छ। तर, अन्तिममा आएर प्रदेश सरकारले बजेट कार्यान्वयन हुन नसक्नुका विभिन्न कारणहरू देखाउने गरेको छ। यस वर्ष पनि सरकारले बजेट कार्यान्वयन हुन नसक्नुमा विभिन्न कारणहरू देखाएको छ। लेखा नियन्त्रकले बजेट कार्यान्वयनमा दक्ष प्राविधिक कर्मचारीको अभावले बजेट कार्यान्वयनको चुनौती भएको उल्लेख गरेको छ। यस्तै योजना छनोट प्रक्रिया नै कमजोर रहेका कारण बजेट कार्यान्वयन कमजोर देखिएको हो।

कर्मचारी सुर्खेत जिल्लाभन्दा बाहिर जान नमान्ने गरेकाले पनि बजेट कार्यान्वयनमा सुधार हुन नसकेको सरोकारवालाहरू बताउँछन्। कर्मचारी अभावदेखि राजनीतिक फेरबदलले गर्दा पनि बजेट कार्यान्वयनमा समस्या देखिएको छ। यस्तै भौतिक प्रगति हालै हुने र बजेट भुक्तानी आर्थिक मसान्तमा हुने भएकाले पनि बजेट खर्च कम देखिएको हो।

---

# सुर्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**दौलिचौर, बझाङ्ग**

**सुदुरपश्चिम प्रदेश, नेपाल**

## साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि आशय पत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/१०/१३**

सुर्मा गाउँपालिकाले कृषि तथा पशु विकासको क्षेत्रमा निजी क्षेत्र/गैर सरकारी संघसस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले "साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०८०" कार्यान्वयनमा ल्याएको छ। यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०८१/८२ देखि शरु हुनेगरी बहुवर्षिय/सालबसालीरुपमा कृषि र पशुमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र/गैरसरकारी क्षेत्रका व्यक्ति/संस्थाहरूबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन कार्यालय समय भित्र आशय पत्र पेश गर्न आह्वान गरिएको छ। आशय पत्रको ढाँचा यस सुर्मा गाउँपालिकाको वेवसाइट www.surmamun.gov.np बाट डाउनलोड गर्न वा सुर्मा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ। इच्छुक योग्यता पुगेका निजी क्षेत्र/गैर सरकारी संघसस्थाले तोकिएको ढाँचामा आशय पत्र निम्नानुसारको कागजात सहित पेश गर्नुपर्ने छ। म्याद नाघि आएका तथा रित नपुगेका आशय पत्र स्वीकार गरिने छैन।

आशय पत्रदाताको योग्यता, अनुभव, क्षमता र साझेदारीको लागी आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धताको आधारमा आशय पत्रको मूल्याङ्कन गरिनेछ।

**आशयपत्रका साथ संलग्न हुनुपर्ने कागजातहरू**

१. आशयपत्र पेश सम्बन्धी निवेदन,
२. आशय पत्रको फारम,
३. संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा),
४. स्थायी लेखा नम्बर,
५. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र,
६. संयुक्त उपक्रममा कार्य गर्ने संस्थाहरूको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति,
७. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति,
८. संस्था कालोसूचीमा नपरको स्वघोषणा पत्रको सक्कल १ प्रति,
९. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल)
१०. विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण। व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरको समान प्रकृतिको कामको विवरण
११. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण

**प्रमुख प्रशासकीय अधिकृत**

---

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०२/०५ मा दर्ता भएको **प्रा.लि. नं. १६८५०९** को **आयुष स्वास्थ्य प्रयोगशाला प्रा.लि.** को मिति २०८१/०९/२५ गतेको विषेश साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटरः संजय कुमार साह, इ.प्र.नं. ३९१ थापागाउँ, काडमाडौं, सम्पर्क नं. ९८४१४४९३३८**

---

# Lumbini Provincial Government
# Ministry of Social Development
# Directorate of Education and Social Development
# Social Development Division Office

**Nepalgunj, Banke**

## Invitation for Bid

**IFB No: 18-081/082**

**(First Date of publication: 2081/10/13 (2025/01/26))**

Social Development Division Office Nepalgunj, Banke invites only electronic bids from eligible bidders for the following works:

| S. N. | Contract No/ Bids No | Description of Works | Estimated Amount without VAT & PS (NRs.) | Bid Security Amount (NRs.) / Validity Period | Bid document Price (NRs.) | Type of Bidding |
|---|---|---|---|---|---|---|
| 1. | SDDOBANKE/W/ NCB-22/2081/082 | Construction of First floor Building of Bageshwori Multiple Campus Kohalpur-11, Banke | 21,00,327.85 | 55,000.00 | 3,000.00 | NCB |

## Re-invitation for Sealed Quotation

**IFB No: 19-081/082**

**(Second Date of publication: 2081/10/13 (2025/01/26)).**

Social Development Division Office Nepalgunj, Banke invites only electronic bids from eligible bidders for the following works:

| S. N. | Contract No/ Bids No | Description of Works | Estimated Amount without VAT & PS (NRs.) | Bid Security Amount (NRs.) / Validity Period | Bid document Price (NRs.) | Type of Bidding |
|---|---|---|---|---|---|---|
| 1. | SDDOBANKE/W/ SQ-103/2081/082 | Construction of Toilet in Cycle Pump Track Area Nepalgunj-01 Tejnagar, Banke | 8,49,945.55 | 20,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 2. | SDDOBANKE/W/ SQ-104/2081/082 | Rennovation Works of Madrasha Darululoom Barkatiya Ma.Vi.Nepalgunj-11 Gurudwara Road, Banke | 13,52,002.19 | 36,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 3. | SDDOBANKE/W/ SQ-107/2081/082 | Construction of Building of Madrasha Darul Uloom Gulshan-E- Noori Khajura-06 Udhrapur Banke | 8,33,898.21 | 20,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 4. | SDDOBANKE/W/ SQ-108/2081/082 | Construction of Cycle Stand of Manisha Tika Singh Thapa Bahumukhi Campus Thakurbaba-01, Bardiya | 8,33,119.92 | 20,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 5. | SDDOBANKE/W/ SQ-111/2081/082 | Construction of Building of Shree Namuna Samaj Bikash Kendra Baijnath-05, Banke | 8,35,193.54 | 20,000.00 / 75 Days | 1,000.00 | S.Q. |

| Last date and time for purchase of Bid Document and bid submission | Date, Time and place of Bid Opening |
|---|---|
| Sealed Quotation (SQ) | |
| 2081/10/28 B.S. (2025/02/10 AD); up to 12:00 PM; Social Development Division Office Nepalgunj, Banke (electronic) | 2081/10/28 B.S. (2025/02/10 AD); up to 1:00 PM; Social Development Division Office Nepalgunj, Banke (electronic) |
| National Competitive Bidding (NCB) | |
| 2081/11/13 B.S. (2025/02/25 AD); up to 12:00 PM; Social Development Division Office Nepalgunj, Banke (electronic) | 2081/11/13 B.S. (2025/02/25 AD);up to 1:00 PM; Social Development Division Office Nepalgunj, Banke (electronic) |
| Date, Time and Place of pre-Bid Meeting (NCB) | 2081/11/04 B.S. (2025/02/16 AD); 1:00 PM; Social Development Division Office Nepalgunj, Banke |
| Bid security validity period | 30 days beyond Bid validity period |
| Bid Validity period | 90 Days for NCB / 45 Days for SQ |
| Account No. for bid document purchase/ Bid Fee | Bank name : Rastriya Banijaya Bank, Nepalgunj Branch<br>Account Name : Province Financial Unit Office, Nepalgunj (Pra. Le. E. Ka.)<br>Revenue (rajaswa) Account Number : 1000100200010000<br>Office Code : 3500057025 (Social Development Division Office Nepalgunj, Banke)<br>Revenue (rajaswa) Heading number : 14229<br>Revenue (rajaswa) Amount : Rs.1000/- (SQ) / Rs. 3000/- (NCB)<br>(mentioned purpose of deposit stating contract no. clearly) |
| Account No. for bid security deposit | Bank Name: Rastriya Banijaya Bank, Nepalgunj Branch<br>Account Name:Province Financial Unit Office, Nepalgunj (Pra. Le. E. Ka.)<br>Account Number: 4130100202030000 (Dharauti khata)<br>Office Code: 3500057025 (Social Development Division Office Nepalgunj, Banke) |

1. Bidders shall submit their Bids electronically only. For e-bidding visit PPMO's e-procurement web portal https://www.bolpatra.gov.np/egp and for additional information please inspect the bidding documents at the Social Development Division Office Nepalgunj, Banke.
2. Social Development Division Office Nepalgunj, Banke reserves the right to accept or reject any Bids without assigning any reasons what sever, other terms and conditions not covered here will be in accordance to PPA-063 and PPR-064.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the o

**Chief Officer**

---

# Jayaprithvi Municipality
# Office of the Municipal Executive

**Chainpur, Bajhang**

## Invitation for Electronic Bids

**Date of publication: 2081/10/13**

Method of Procurement: Sealed quotations, Eligibility Procedure

1. Jayaprithvi Municipality, Bajhang invites electronic bids for following works from Nepalese eligible bidders for following works under Sealed quotations procedures. The estimated amount and the summary for the work are given below.

| S. N. | Contract Identification No: | Description of Work | Estimated Amount (NRS.) [Including VAT and PS] | Bid Security amount (Nrs) | Bid Security Validity Period | Bid Fee (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | JPM-SQ-08-2081/082 | Gadkhet Biuradi Road Maintenance Work | 966690.33 | 25000 | 75 day | 1000/- |
| 2 | JPM-SQ-09-2081/082 | Rajkot Dalwada Road Maintenance Work | 1448516.92 | 37000 | 75 day | 1000/ |
| 3 | JPM-SQ-10-2081/082 | Bhattaghar-Dillya hudai Bolyakhan Road Maintenance Work | 966080.12 | 26000 | 75 Day | 1000/- |
| 4 | JPM-SQ-11-2081/082 | Rithapatha Jayaprithvi Nagar (Bhakbhake Khola) Road Maintenance Work | 1449254.26 | 38000 | 75 Day | 1000/ |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the *Jayaprithvi Municipality, Office of the Municipal Executive, Chainpur, Bajhang*, Email Address: jpmunicipality2014@gmail.com, Contact No: 092421064, 9868861828, 9858490254 or may visit PPMO website www.bolpatra.gov.np.

| Cash Deposit for Bid Fee | | Cash Deposit for Bid Security | |
|---|---|---|---|
| Account Name | JAYAPRITHIVI NA.PA.(GA-1-1)-AANTARI | Bank | Rastriya Banijya Bank, Bajhang |
| Account Number: | 4110100301010004 | Account Number | 4110100303000004 |
| Office Code | 801077001 | Office Code | 801077001 |
| Bank | Rastriya Banijya Bank | Revenue Head | |

3. Purchase, Submission and Opening

| Last date of Bid Purchase | Last Date of Submission | Bid Opening |
|---|---|---|
| Date and time | Date and Time | Date and Time |
| 2081/10/28 12:00 | 2081/10/28 12:00 | 2081/10/28 14:00 |

**Chief Administrative officer**

---


# UAE मा रोजगार
**NOOR AL SAQAR TECHNICAL AND CLEANING SERVICES, UAE**

पुर्व स्विकृति मितिः 2025/01/19 चलानी नं. ६०२३१९०३ LT No. 317381

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AC Mechanic | 1 | 0 | काममा दक्ष | 1200 | 44975 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | | 1200 | 44975 | | | | | | | |
| 3 | Gypsum/Ceiling Workers | 1 | 0 | | 1200 | 44975 | | | | | | | |
| 4 | Steel Fixer | 2 | 0 | | 1200 | 44975 | | | | | | | |
| 5 | Building Labour | 2 | 0 | | 1200 | 44975 | | | | | | | |
| 6 | Light Technician | 1 | 0 | | 1200 | 44975 | | | | | | | |
| 7 | Tile Layer | 1 | 0 | | 1200 | 44975 | | | | | | | |
| 8 | Stone Mason | 2 | 0 | | 1200 | 44975 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

**अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०८१ माघ २० गते (2 February 2025) हुनेछ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला। लागत खर्चः ०

**आकृति रिक्रुटिङ्ग प्रा. लि.**
सिनामंगल, काठमाडौं, फोन नं.: ०१-४११०८२६, ४११०८११
श्रम इजाजत पत्र नं.: ९१७/०६७/०६८

# जनतासँग जोडिने विशेष अभियान सञ्चालन गर्छौं : प्रचण्ड

**शहबाज खान/कपिलवस्तु**
कपिलवस्तु, १२ माघ



नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले पूर्वदेखि पश्चिमसम्म जनतासँग जोडिने विशेष माओवादी अभियान सञ्चालन हुने घोषणा गरेका छन् ।

कपिलवस्तु शिवराज नगरपालिका-३ खरेन्द्रपुरमा नेकपा माओवादी केन्द्र जिल्ला समन्वय समितिद्वारा आयोजित नेता तथा कार्यकर्तासँगको भेटघाटमा बोल्दै प्रचण्डले 'जनतासँग माओवादी' अभियानलाई ऐतिहासिक बनाउने लक्ष्य रहेको बताए । उनले पार्टीलाई सुदृढ बनाउँदै जनतासँग अझ नजिक पुऱ्याउन हजारौं नेता-कार्यकर्तालाई पार्टीमा प्रवेश गराउने अभियान सञ्चालन हुने जानकारी दिए ।

उनका अनुसार माओवादी नेतृत्वको सरकारका पछिल्ला प्रयासहरूले भ्रष्टाचार विरोधी कदम, सुशासन, र सामाजिक विभेदविरुद्धका गतिविधिहरूमा सकारात्मक प्रभाव पारेका छन् । हाल देशभर माओवादीमा प्रवेश गर्ने लहर तीव्र रहेको र अभियानले यसलाई थप गति दिने विश्वास व्यक्त गरे ।

कार्यक्रममा नेकपा माओवादी केन्द्रका केन्द्रीय सचिव चक्रपाणी खनाल 'बलदेव' ले वर्तमान सरकार नागरिकमैत्री बन्न नसकेको र भ्रष्टाचारमा लिप्त भएकाले देश संकटमा पर्ने सम्भावना देखिएको टिप्पणी गरे ।

यस अवसरमा माओवादी नेताहरूले विभेद र विकृति मुक्त समाज निर्माणमा माओवादीको भूमिका अझ सशक्त बनाउने प्रतिवद्धता जनाए । कार्यक्रममा जिल्ला इन्चार्ज रुद्र बन्जाडे, जिल्ला संयोजक विष्णु बेल्वासे लगायतका नेताहरूले पनि आफ्नो धारणा राखेका थिए ।

# एनआरएनए स्वीडेनद्वारा अटिजम केयर सेन्टरलाई आर्थिक सहयोग

**काठमाडौं/मस–** गैर आवासिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद्, स्वीडेनले अटिजम केयर सेन्टरलाई आर्थिक सहयोग गरेको छ । चन्द्रागिरि नगरपालिका वडा नम्बर १२ बलम्बुमामहिलाउत्प्रेरणा विकास मञ्चद्वारा सञ्चालित अटिजम, बौद्धिक अपांगता केयर सेन्टरलाई एनआरएनए स्वीडेनले आर्थिक सहयोग गरेको हो । गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद, स्वीडेनका कोषाध्यक्ष सुवासचन्द्र घिमिरेले दुई हजार पचाँस युरो ( करिब दुई लाख ९५ हजार नेपाली रुपैयाँ ) बैंक मार्फत अटिजम केयर सेन्टरलाई हस्तान्तरण गरे ।




'एकएनसीसी एक च्यारिटी' परियोजना मार्फत एनआरएनएएनसीसी स्वीडेनले नेपालमा अटिजम भएका बालबालिकाको क्षेत्रमा काम गरिरहेको संस्थालाई सहयोग गरेको हो । गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, स्वीडेनका अध्यक्ष गंगाप्रसाद घिमिरेले नेपालका गरिब, असहाय, अनाथ तथा अपांगता बालबालिकाहरुको शिक्षा तथा व्यक्तित्व बृद्धिका लागि सहयोग गरेको बताए ।

अध्यक्ष घिमिरेले अटिजमको समस्या विश्वभर रहेको र अझै नेपाल सरकारको सहयोग अटिजमको क्षेत्रमा अत्यन्त नगन्य मात्रामा भएको मुलुकमा थप समस्या रहेकाले अटिजमको क्षेत्रमा जुटेको संस्थालाई केही हदसम्म भएपनि सहयोग तथा हौसला प्रदान होस् भनेर सहयोग गरेको बताए ।

त्यसैगरी गैर आवासिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद, स्वीडेनका महासचिव राजेन्द्र तामाङले अटिजम भएका बालबालिकालाई थोरै भएपनि सिकाई प्रक्रियामा गुणस्तरीयता बृद्धि तथा दैनिक हेरचाहमा सहजता होस् भन्ने उदेश्यले अटिजम भएका बालबालिकाको क्षेत्रमा काम गरेका संस्थालाई सहयोग गरेको बताए ।

संस्थाकी अध्यक्ष गीताकुमारी घिमिरेले आफुहरुले प्राप्त गरेको रकमबाट अभिभावक तथा शिक्षक/शिक्षिकाहरुका लागि तालिम सञ्चालन गर्ने, बालबालिकाको दैनिक व्यवहार सिकाई प्रक्रियामा आवश्यक पर्ने शैक्षिकएवम् थेरापी सामान व्यवस्थापनमा खर्च हुने बताइन् ।

सेन्टरमा अहिले विभिन्न जिल्लाका १५ जना अटिजिम बालबालिकासिकाई प्रक्रियामा रहेका छन् ।

# प्रेस चौतारी मोरङको अध्यक्षमा थापा निर्वाचित

विराटनगर/मस- प्रेस चौतारी मोरङको अध्यक्षमा चिना थापा निर्वाचित भएकी छन् । विराटनगरमा शनिबार सपन्न नवौं जिल्ला अधिवेशनले सर्वसम्मतरुपमा अध्यक्षमा थापालाई निर्वाचित गरेको हो । थापा प्रेस चौतारी मोरङको पहिलो महिला अध्यक्ष हुन् ।




त्यसगरी कार्यसमितिको उपाध्यक्षमा शशांक पौडेल, महिला उपाध्यक्षमा रञ्जना अधिकारी, सचिवमा नवराज भट्टराई, सहसचिवमा कृष्णचन्द्र सुवेदी, समावेशी सहसचिवमा राजकुमारी तामाङ र कोषाध्यक्षमा पुन्य पी अधिकारी सर्वसम्मत निर्वाचित भएका छन् ।

सदस्यहरुमा निशान्त ढुंगाना, विशाल मण्डल, प्रमोद कार्की, सामना भट्टराई, संगीता राई, शिशिर राई, शिवशंकर परिहस्त, रोहन राई, दीपक खड्का, रामकुमार शर्मा, रोमा दाहाल, कुलदीप बाँस्तोला, विवेक खतिवडा र सुमना भट्टराई चयन भएका छन् । जिल्ला अधिवेशनले आगामी माघ ३० गते विराटनगरमा हुने प्रदेश अधिवेशनका लागि प्रदेश परिषद् सदस्य र फागुन २५-२७ सम्म विराटनगरमा हुने १०औं महाधिवेशनका लागि केन्द्रीय परिषद् सदस्य पनि चयन गरेको छ ।

जिल्ला अधिवेशनको उद्घाटन कार्यक्रममा मुख्यमन्त्री हिक्मतकुमार कार्की, प्रेस चौतारी नेपालका अध्यक्ष गणेश बस्नेत, सचिव विक्रम लुइँटेल, एमाले केन्द्रीय सदस्य जीवन घिमिरे, रामलाल साह, केन्द्रीय सल्लाहकार परिषद् सदस्य विनोद ढकाल, एमाले प्रदेश कमिटी अध्यक्ष घनश्याम खतिवडा, मोरङ अध्यक्ष बाबुराम कार्की, कोशी प्रदेश प्रचार तथा प्रकाशन विभागका प्रमुख लक्ष्मण तिवारी, नेपाल पत्रकार महासंघ केन्द्रीय सदस्य कमल रिमाल, प्रदेश अध्यक्ष भरत खड्का, मोरङ अध्यक्ष सुशीला पाठकलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

शालिग्राम-मञ्जु दाहाल पत्रकारिता पुरस्कार विष्टलाई

प्रेस चौतारी नेपालले हरेक वर्ष प्रदान गर्ने शालिग्राम-मञ्जु दाहाल पत्रकारिता पुरस्कार विराटनगरका अग्रज पत्रकार महेन्द्र विष्टलाई प्रदान गरिएको छ ।

जिल्ला अधिवेशनका अवसरमा शनिबार अरुण खबरका प्रधानसम्पादक समेत रहेका विष्टलाई नगद २१ हजार रुपैयाँसहित कोशी प्रदेशका मुख्यमन्त्री कार्कीले सम्मान गरेका हुन् ।

सो पुरस्कारबाट यसअघि वरिष्ठ पत्रकारहरु यज्ञ शर्मा, लीलाराज भट्टराई, रमेशचन्द्र अधिकारी पुरस्कृत भइसकेका छन् । प्रेस चौतारी मोरङले वार्षिकरुपमा कोशी प्रदेश कार्यक्षेत्र भएका पत्रकारहरुलाई सम्मान गर्दै आएको छ ।

**प्राइभेट लिमिटेड कम्पनी पब्लिक लिमिटेडमा परिणत सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८१/१०/१३ गते**

यस कम्पनीको मिति २०८१/०९/०८ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम यस कम्पनीलाई प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेड कम्पनीमा परिणत गरी कम्पनीको प्रबन्धपत्र र नियमावलीको ढाँचा पब्लिक लिमिटेड कायम गरेकोलाई कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१।९।२४ को निर्णयानुसार कम्पनीलाई प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेड कम्पनीमा परिणत गरी सारथी इक्विटी फण्ड लिमिटेड (दर्ता नं. ३४१८५७) कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**सारथी इक्विटी फण्ड लिमिटेड**
**काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका, वडा नं. ८**

Government of Sudurpaschim Province
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate
**Infrastructure Development Office**
Bajhang

**Invitation for Electronic Bids**

Date of Publication: 2081/10/13

1. Infrastructure Development Office, Bajhang invites Electronic Bids and Sealed Quotation from all eligible Nepalese Bidders for Construction & Upgrading of Roads with Construction details as follows:

| S. N. | Contract Identification No | Description of Work | Estimated Amount (NRS) [IncludingVAT & PS] | Bid Security NRs |
|---|---|---|---|---|
| 1 | IDOBAJHANG/W/R /NCB/081-82/21 | Upgrading of Bijgada Paudi Dahabagar Road, Bungal Municipality Bajhang | 2,897,926.49 | 65,000.00 |
| 2 | IDOBAJHANG/W/R /NCB/081-82/22 | Upgrading of Simalito Dinnu Thalkada Road, Bungal Municipality Bajhang | 2,417,944.57 | 54,000.00 |
| 3 | IDOBAJHANG/W/R /NCB/081-82/23 | Upgrading of Hilanauli Surma Road, Surma Rural Municipality Bajhang | 2,420,689.29 | 54,000.00 |
| 4 | IDOBAJHANG/W/R /SQ/081-82/01 | Upgrading of Sunkuda Raikosi Udi Dhari Bagthala Road, Bitthadchir Rural Municipality 09, Bajhang | 1,928,831.26 | 43,000.00 |
| 5 | IDOBAJHANG/W/R /SQ/081-82/02 | Upgrading of Keadr MaBi to Kholumor Malla Gau Road, Bitthadchir Rural Municipality 01, Bajhang | 1,929,225.58 | 43,000.00 |
| 6 | IDOBAJHANG/W/R /SQ/081-82/03 | Upgrading of Girau Majyun Road, Bungal Municipality Bajhang | 1,929,078.33 | 43,000.00 |
| 7 | IDOBAJHANG/W/R /SQ/081-82/04 | Upgrading of Phimtola Chhapala Juwada Dhamnau Road, Jayaprithibi Municipality 07, Bajhang | 1,932,485.76 | 43,000.00 |
| 8 | IDOBAJHANG/W/R /SQ/081-82/05 | Upgrading of Kholamara Jasu Bayelpata Mathitalo Kuchekhola Saileshwori Road, Khaptad chhanna Rural Municipality, Bajhang | 1,932,104.18 | 43,000.00 |
| 9 | IDOBAJHANG/W/R /SQ/081-82/06 | Upgrading of Kuchekhola Mayapata Road Khaptadchhanna Rural Municipality, Bajhang | 1,932,388.37 | 43,000.00 |
| 10 | IDOBAJHANG/W/R /SQ/081-82/07 | Upgrading of Neta Chadibhel Tuna toTuna Jhaar Kateri Road, Khaptadchhanna Rural Municipality, Bajhang | 1,931,457.16 | 43,000.00 |
| 11 | IDOBAJHANG/W/R /SQ/081-82/08 | Upgrading of Sirupail Riludaya Road, Masta Rural Municipality, Bajhang | 1,930,701.66 | 43,000.00 |
| 12 | IDOBAJHANG/W/R /SQ/081-82/09 | Upgrading of Sunikot Pipal Chautara toTapoban Road, Talkot Rural Municipality 01, Bajhang | 1,930,706.31 | 43,000.00 |

2. Interested eligible bidders cano btain all other necessary information and inspect the Bidding Documents from PPMO's website www.bolpatra.gov.np/egp.

**Office Chief**

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
**सघन शहरी तथा भवन निर्माण आयोजना**
वीरगंज, पर्सा

**बोलपत्र स्वीकृतिको आशय सम्बन्धी सूचना**

प्रकाशित मितिः- २०८१/१०/१३

यस आयोजना अन्तर्गतको तपशसिलमा उल्लेखित निर्माण कार्यको लागि सूचना नं. ५/२०८१/०८२ मिति २०८१/०८/२६ गते मध्यान्ह राष्ट्रिय दैनिक मा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम म्यादभित्र रितपूर्वक e–GP मार्फत दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृतिको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि बोलपत्र स्वीकृत गर्ने यो आशयको सूचना सरोकारवाला सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

| सि. नं. | खरिद नं. र कार्य विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|
| 1 | Improvement of Road Section (Dabari – Mithiyayi – Betauna) Chandrapur Municipality, Rautahat (PUDBC/PARSA/WORKS/NCB/42/081/82) | Ritesh Construction, Nichuta, Parsa | 79,06,380.76 |
| 2 | Improvement of Road Section (Paurai – Mangalpur – Gairitole – Doban) Chandrapur Municipality, Rautahat (PUDBC/PARSA/WORKS/NCB/43/081/82 | Ritesh Construction, Nichuta, Parsa | 52,33,086.75 |
| 3 | Integrated Settlement Infrastructure Development Works in Chandrapur Municipality, Rautahat (PUDBC/PARSA/WORKS/NCB/44/081/82) | Saisara Construction, Makwanpur | 54,07,074.45 |
| 4 | Construction of Shree Nepal Rastriya Ma. Vi. Building, Birgunj, Parsa (PUDBC/PARSA/WORKS/NCB/45/081/82) | Jonish Construction, Birgunj | 57,56,361.53 |
| 5 | Integrated Urban Infratstructure Development Work : RCC Road Construction Work from Itwamai Dhalan – way to Gaur , Ward No. 7, Rajdevi (PUDBC/PARSA/WORKS/NCB/46/081/82) | Sarovar Construction, Dhanusha | 54,43,728.29 |
| 6 | Construction of RCC Road and Drain from Gadaiya to Bijbaniya, Jagarnathpur-03, Parsa (PUDBC/PARSA/WORKS/NCB/47/081/82) | Manju Construction, Pokhariya | 59,30,277.04 |
| 7 | Market Infrastructure Work at Maulapur Municipality, Rautahat (PUDBC/PARSA/WORKS/NCB/49/081/82) | Rijit Construction and Suppliers, Rajpur | 60,33,353.67 |
| 8 | Infrastructure Development Work at Shree Gahawamai Mandir's Land in Adarshnagar , Birgunj-10, Parsa (PUDBC/PARSA/WORKS/NCB/50/081/82) | Sarovar Construction, Dhanusha | 55,93,711.07 |
| 9 | Construction of School Building Shree Nepal Rastriya Ma. Vi. at Khajani-07, Simraungarh (PUDBC/PARSA/WORKS/NCB/51/081/82) | Thapa Nirman Sewa, Nijgadh | 56,18,253.36 |
| 10 | Improvement of Road and Drain Section ( Rupnarayan House to Rajesh Jaiswal House) Garuda -04, Rautahat (PUDBC/PARSA/WORKS/NCB/52/081/82) | Sarovar Construction, Dhanusha | 50,81,236.39 |
| 11 | Integrated Development Work at Yamunamai Rural Municipality -04, Rautahat (PUDBC/PARSA/WORKS/NCB/53/081/82) | Gaurav and Saurav Nirman Sewa , Gaur | 52,01,914.06 |
| 12 | Infrastructure Development Work in Garuda Multiple Campus, Garuda Municipality, Rautahat (PUDBC/PARSA/WORKS/NCB/54/081/82) | Sunidhi Nirman Sewa, Gadhimai | 63,12,127.05 |
| 13 | Construction of Ring Road in Durga Bhagwati Ga. Pa. Ward No. 1 to ward No. 5, Rautahat (PUDBC/PARSA/WORKS/NCB/55/081/82) | Gaurav and Saurav Nirman Sewa , Gaur | 51,88,422.09 |

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

यस आयोजनाको सूचना नं. ५/२०८१/०८२ मिति २०८१/०८/२६ मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना बमोजिम रितपूर्वक e–GP मार्फत दर्ता हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्तावको मूल्याङ्कन पश्चात सारभूतरूपमा प्रभावग्राही देखिएका बोलपत्रहरूको आर्थिक प्रस्ताव मिति २०८१/१०/२० गते दिउसो ०१:०० बजे यस आयोजनामा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित) को नियम ३१ ज (५) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | खरिद नं. र कार्य विवरण | बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|
| 1 | Construction o f Road and Drain at various places of Gaur Municipality, Rautahat" (PUDBC/PARSA/WORKS/NCB/48/081/082) | Mahato – MD Islam JV , Gaur-08, Rautahat |
| | | Rastra Nirman Sewa , Basatpur-09, Rautahat |
| | | Shree Ram – Amod Construction JV, Dumariya , Rautahat |

**आयोजना प्रमुख**

मध्यान्ह
www.madhyanhadaily.com
१३ माघ २०८१ आइतबार
26 January 2025, Sunday

## सम्पादकीय

# विद्यार्थीले कोरेको गोरेटो

अन्ततः अखिल (क्रान्तिकारी) को नेतृत्व चयन गर्न मतदान प्रक्रिया अवलम्बन गरियो । नेकपा माओवादी केन्द्र निकट अखिल (क्रान्तिकारी) को नेतृत्व चयन गर्न मतदान प्रक्रिया अवलम्बन गर्नु आफैमा एउटा महत्वपूर्ण सन्देश हो । यद्यपि मतदानको निर्णयसम्म पुग्न अखिल (क्रान्तिकारी) ले लामै समय खर्चियो । गत असोजमा उद्घाटन भएको राष्ट्रिय सम्मेलन उमेर हदमा विवाद हुँदा लम्बिएको थियो । ३२ वर्ष उमेर हद लागु गर्ने अथवा खुला छोड्ने भन्नेमा लामै विवाद चलेपछि निर्णय लिन मतदानको विधि अपनाइएको थियो । झिनो अन्तरले उमेर हद लगाउने पक्षधरले जितेपछि त्यो विवाद सुल्झियो । विद्यार्थी राजनीतिमा उमेर हद लगाउने पक्षधरले जित्नु स्वभाविक, लोकतान्त्रिक र सन्देशयुक्त निर्णय थियो ।

किनकि मूलधारकै राजनीतिका निम्ति यो एउटा महत्वपूर्ण सन्देश थियो । जिवित रहेसम्म राजनीतिमा रहिरहने प्रवृत्तिले नेपाली राजनीति बद्नाम छ । विद्यार्थी राजनीतिमा लगाइने उमेर हदको प्रभाव अरूतिर पनि पर्दै जानेछ । त्यसैले अखिल (क्रान्तिकारी) ले उमेर हदबारे मतदानबाट निर्णय लिनुको विशेष अर्थ थियो । अझ नेतृत्व चयनमा पनि मतदानकै विधि अपनाइयो । अखिल (क्रान्तिकारी) मा नेतृत्व चयन गर्न यसअघि पनि मतदानको विधि अपनाइएको थियो । तर लगत्तै पार्टीले हस्तक्षेप गरेर नेतृत्व चयन गर्ने पुरानै शैलीतिर अखिल (क्रान्तिकारी) फर्काइयो । यसपटक भने उमेर हदसहित नेतृत्व चयन प्रतिनिधिहरूको मतबाट गरियो । यसले मूल पार्टी माओवादीलाई पनि मार्गदर्शन गरेको हुनुपर्छ ।


किनकि माओवादीलाई अझैपनि लोकतान्त्रिक शक्तिका रूपमा स्थापित हुन कठिन परिरहेको छ । सशस्त्र विद्रोहबाट आएको शक्ति भएकाले पनि माओवादीभित्रको लोकतान्त्रिक अभ्यासप्रति शंका गरिनु अस्वभाविक होइन । अझ यसको नेतृत्व चार दशक पुग्न लाग्दा समेत परिवर्तन नहुनुले माओवादीको लोकतान्त्रिक प्रतिबद्धतामाथि प्रश्न उठेको छ । जबकि झण्डै दुई दशकदेखि माओवादी शान्तिपूर्ण संसदीय राजनीतिमा सामेल छ । उसले संविधानको सर्वोच्चता स्वीकार्दै आएको छ । तर पार्टीभित्र लोकतान्त्रिक अभ्यासबाट नेतृत्व चयन गर्ने विधि तुलनात्मक कमजोर छ । त्यस्तो बेला विद्यार्थी संगठनबाट खुलेको गोरेटोमा माओवादीलाई हिड्न सजिलो पर्न सक्छ । त्यसैपनि विद्यार्थीहरू सचेत र समाजको अगुवा दस्ता हुन् । उनीहरूकै माध्यम भएर माओवादीभित्र लोकतान्त्रिक अभ्यास अगाडि बढ्दा त्यसको लाभ सिंगो मुलुकलाई पुग्नेछ ।

## सामाजिक सञ्जाल




**सेतेमान तामाङ**

लोकतन्त्रको बलियो आधार जनमत हो तर, जनमत प्राप्त गर्दैमा असल नेता चयन गऱ्यो भन्ने हुँदैन, जनमतले खराब नेता पनि चयन गरेको हुन्छ । खराब नेताले आफू शासक बन्न अन्ततः लोकतन्त्रको हत्या गरेका प्रशस्त उदाहरण छन् । अहिले लोकतन्त्र त भाष्य मात्र बनाइएको छ, यहाँ चिन्ता चाहिँ लुटतन्त्र नै हो ।



**प्रेमकान्त अधिकारी**

अपराधी मानसिकता बोकेर हिँडेको नेतृत्वको सहयात्री हुनुमै बर्बाद छ । स्थिर सरकार चल्नुपर्छ भनेर मात्र के गर्ने जबाफदेहिता जिम्मेवारीको सवाल जवाफको अभाव, आफ्नै गोडामा बन्चरो प्रहार गरे जस्तो । अर्को कुरा, सहयात्रीलाई लाइनै भस्म गर्ने नियतको नेतृत्वसँग बाँचेर चल्नु छ ।



**आभूषण तिम्सिना**

नेपाल बनाउने आम नेपालीले हो । मुलुक कुनै राजनीतिक नेता वा दलले बनाउने होइन कि आम नागरिकले छानेर पठाएका जनप्रतिनिधिहरूले हो । छान्ने बेला सचेत बन्नु नै नेपालको उन्नतिको सुरुवात हो । छानिनेहरू अहिलेका राजनीतिक दलका भ्रष्ट जस्ता नहुँदा हुन र सहकारी ठग जस्ता नहुँदा हुन त गज्जब हुन्छ ।



**डम्बर खतिवडा**

कमरेडहरूका मानक अब ट्रम्प बन्न पुगेछन् । भन्न थालेछन्- ट्रम्पले १ दिनमै १०० अध्यादेश ल्याए, हामीले किन नल्याउने ? राष्ट्रपतीय प्रणालीको 'कार्यकारी आदेश' र संसदीय प्रणालीको 'अध्यादेश'बिचको भिन्नता बुझ्ने ल्याकत नभएकाहरूको 'ठूलै पल्टिन पर्ने' मनोरोग र झुटो आत्मविश्वास गज्जबकै हो ।

# चिनियाँ नयाँ वर्ष र रातो पहिरन

पौराणिक कथाअनुसार 'नियान' नामको भयंकर दानव प्रत्येक वर्ष मानिसहरूलाई त्रास दिन गाउँमा आउने गर्दथ्यो । पछि मानिसहरूले पत्ता लगाए कि नियान रातो रंग र ठूलो आवाजसँग डराउँछ । त्यसैले, रातो रंगका कपडा लगाउने, रातो सजावट गर्ने र पटका पड्काउने परम्परा बसालियो । रातो रंगलाई नियानलाई भगाउने प्रतीकका रूपमा प्रयोग गर्न थालियो ।

अग्रलेख



● संजु दाहाल

> नेपालमा जस्तै रातो रंग चिनियाँ परम्परामा शक्ति र सुरक्षा प्रदान गर्ने प्रतीक मानिन्छ । चिनियाँ नयाँ वर्षमा रातो पहिरन लगाउनु परम्परा मात्र नभई सांस्कृतिक चिह्न पनि हो । चिनियाँ मान्यताअनुरूप रातो पहिरनले दुष्ट शक्तिहरूलाई टाढा राख्ने र शुभकामना ल्याउने विश्वास गरिन्छ ।

'कान्छाले कान्छीलाई लग्यो, बनको बाटो लाल्टिनी बालेर ....!' यो गीत सुन्नु भएको छ ? रातो पहिरन अनि रातै सिन्दूरमा सजिएर, डोली चढेर दुलाहाको घर जाने संस्कृति कहिलेबाट सुरू भयो होला ? आफू दुलाहा अथवा दुलही भएको दिनको त्यो रातो रंगको महत्व अनि उत्साह । नेपालमा रातो कपडा चीनबाट र सिन्दूर भारतबाट नै आउने गरेको इतिहास छ । चिनियाँ नयाँ वर्ष, जसलाई वसन्त पर्व पनि भनिन्छ । चीनको सांस्कृतिक र पारिवारिक जीवनमा यो सबैभन्दा ठुलो र महत्वपूर्ण पर्व हो । यस पर्वको रंगीन र सांस्कृतिक पक्षलाई थप आकर्षक बनाउने एउटा मुख्य तत्व भनेको रातो चिनियाँ पहिरन नै हो । नेपालमा दुलहीको रातो बस्त्र जस्तै रातो रंग चिनियाँ परम्परामा शुभ, समृद्धि र सौभाग्यको प्रतीक मानिन्छ । चिनियाँ नयाँ वर्ष र रातो पहिरनबिचको सम्बन्धले यस पर्वको सांस्कृतिक महत्वलाई तथा यसको गहिराईलाई बुझ्न अझ सहयोग पुगेको छ ।



### चिनियाँ नयाँ वर्ष

चिनियाँ नयाँ वर्ष चन्द्र क्यालेन्डरअनुसार हरेक वर्ष फरक-फरक मितिमा मनाइन्छ । यो पर्व परिवारका सदस्यहरू भेला हुने, पुराना नकारात्मक पक्षलाई बिर्सने र नयाँ सुरूवात गर्ने समयका रूपमा मनाइन्छ । चिनियाँ नयाँ वर्ष (छुन चिय) विश्वको सबैभन्दा पुरानो र महत्वपूर्ण चाडपर्वमध्ये एक हो । यस अवसरमा रातो रंगलाई विशेष महत्व दिइन्छ । यो चाडले परम्परा, संस्कृति र पुराना किम्वदन्तीहरूसँग गहिरो सम्बन्ध राखेको छ । यो पर्व चीनको पहिलो शाङ राजवंशबाट नै सुरू भएको हो ।

पौराणिक कथा अनुसार 'नियान' नामको भयंकर दानव प्रत्येक वर्ष मानिसहरूलाई त्रास दिन गाउँमा आउने गर्दथ्यो । पछि मानिसहरूले पत्ता लगाए कि नियान रातो रंग र ठूलो आवाजसँग डराउँछ । त्यसैले, रातो रंगका कपडा लगाउने, रातो सजावट गर्ने र पटका पड्काउने परम्परा बसालियो । रातो रंगलाई नियानलाई भगाउने प्रतीकका रूपमा प्रयोग गर्न थालियो । अर्थात् अशुभ भगाउने तथा शुभ निम्त्याउने प्रतीकको रूपमा मनाइन थालियो ।

यो वर्ष यही २८ जनवरीको दिन नयाँ वर्षको पूर्वसाँझ अर्थात् न्यु इएर इभ परेको छ । परम्परागतरूपमा यो चाड १४ दिनसम्म विभिन्न कार्यक्रम र गतिविधि सहित मनाइन्छ । तर, अहिले सरकारले ७ दिन मात्रै बिदा दिने हुँदा पारस्परिक भ्रमण र उपहार दिने कार्य सामान्यतयाः नयाँ वर्षको पूर्व सन्ध्यापछि ६ दिनभित्र हुन्छ ।

### परम्परागत गतिविधिहरू

चिनियाँ नयाँ वर्ष घर-परिसरको सफाइबाट सुरू हुन्छ । नयाँ वर्षअघि घर सफा गरिन्छ, जसले पुरानो वर्षको नकारात्मक ऊर्जा हटाउँछ भन्ने विश्वास गरिन्छ । त्यसपछि सुरू हुन्छ घर सजावट । रातो कागजहरूमा विभिन्न प्रकारका सौभाग्य तथा शुभ-बचन 'फु' लेखेर ढोका भित्ता सजाइन्छ । विभिन्न प्रकारका लालटिनहरू बालिन्छ । कागजका लालटिनहरू बालेर उडाइन्छ । प्राचिन कालमा भने (मु) अर्थात् आरूको रूखको काठबाट आशीर्वचन कुदी बनाइएको सजावटको सामाग्रीलाई ढोकामा सजाइन्थ्यो ।

नयाँ वर्षको अघिल्लो रात (नयाँ वर्षको पूर्व सन्ध्या)मा परिवारसँग भव्य भोज गरिन्छ । यस दिन विशेष खाना जस्तै : मम- धन र समृद्धिको प्रतीक; माछा- प्रचुरताको संकेत; र अन्य चिउरे खाजा, चाउचाउ र चकलेट पनि लामो आयुको प्रतीक मानेर खाइन्छ । सबै जना आफ्ना हजुरबुवा/हजुरआमाको यानी आफ्नो पुर्ख्यौली जन्म घरमा गएर मनाउने गर्छन् ।

होंगपाउ एक प्रकारले आफ्ना मान्यजनको आशीर्वादको रूपामा दक्षिणा स्वरूप दिने रातो खाम हो । बुढापाका व्यक्तिहरूले बच्चा र युवा पुस्तालाई यो रातो खाम दिन्छन् । यसमा पैसा राखेर समृद्धि र सौभाग्यको कामना गरिन्छ । यसमा प्रसाद, दक्षिणा र आशीर्वाद दिइन्छ । एक किसिमले भन्ने हो भने, 'रातो राम्रो गुलियो मीठो' केटाकेटीलाई नै त हो ।

साथै, नयाँ वर्षको अर्को महत्वपूर्ण कार्यक्रम आतसवाजी हो । पटका पड्काएर पुरानो वर्षको नकारात्मक ऊर्जा भगाउने र नयाँ वर्षको स्वागत गर्ने परम्परा छ । यसलाई 'नियान' नामक दानव भगाउन सुरू गरिएको मानिन्छ । रातभर पटका तथा बत्तीले भव्य उज्यालो पारेर मनाइन्छ । चीनका प्रमुख सहरबाट गत वर्ष १ अर्ब ३५ करोड मानिस नयाँ वर्ष मनाउन हाम्रो दसैंमा जस्तै घर गएका थिए ।

यतिबेला भव्य नृत्य तथा नाटक प्रदर्शन गरिन्छ । सिंह तथा ड्र्यागन नृत्यले परम्परागत शुभ संकेत दिन्छ । सिंहको तथा लामो ड्रागन आकारको पोसाक लगाएर यी नृत्यहरू गरिन्छ । यी नृत्यहरूमा उत्साह र सांगीतिक ताल हुन्छन् । साथै, यो समयमा आफ्ना पितृ तथा पूर्वजहरूको स्मरण गरिन्छ । पूजा तथा देवताहरूलाई प्रार्थना गरिन्छ । नेपालमा जस्तै धूप बाल्ने र आशीर्वाद माग्ने पनि परम्परा छ । चाडको अन्तिम दिन 'लालटिन महोत्सव' मनाइन्छ । रातमा रातो लालटिन झुन्ड्याएर उज्यालो प्रदर्शन गरिन्छ । परम्परागत संगीत, नृत्य र नाटक प्रदर्शन गरिन्छ । मानिसहरूले स्थानीय बजारको भ्रमण पनि गर्छन् । परिवार र साथीभाइ भेटेर शुभकामना आदान-प्रदान गरिन्छ । नयाँ वर्षको समयमा माजोंग, चेस र तास खेल्ने चलन पनि छ ।

### रातो चिनियाँ पहिरन

नेपालमा जस्तै रातो रंग चिनियाँ परम्परामा शक्ति र सुरक्षा प्रदान गर्ने प्रतीक मानिन्छ । चिनियाँ नयाँ वर्षमा रातो पहिरन लगाउनु परम्परा मात्र नभई सांस्कृतिक चिह्न पनि हो । चिनियाँ मान्यताअनुरूप रातो पहिरनले दुष्ट शक्तिहरूलाई टाढा राख्ने र शुभकामना ल्याउने विश्वास गरिन्छ । यो सौन्दर्य, परम्परा र समृद्धिको प्रतीक पनि हो । प्रमुख पहिरनहरूमा थानचुवाङग वा यसलाई हान्फु पनि भनिन्छ । थान्चुवाङ एक परिष्कृत डिजाइन र पुष्प बुट्टाले सजिएको महिला तथा पुरूषले लगाउने परम्परागत पहिरन हो । जुन पहिरन नयाँ वर्षको भव्यताको प्रतीक हो । यो पोसाक नयाँ वर्षमा, धार्मिक अनुष्ठान र सांस्कृतिक प्रदर्शनमा लगाइन्छ । यस्ता पहिरनमा सुनको किनारा, ड्रागन, फिनिक्स र अन्य सांस्कृतिक प्रतिकहरूले सजावट गरिन्छ । कपडामा सिल्क वा भव्य कपडाको प्रयोगले चीनको परम्परागत सभ्यता झल्काउँछ । चिनियाँ समाजमा विभिन्न चाडबाड, बिहे र अन्य संस्कारमा रातै रंगको पोसाक लगाउने प्रचलन छ ।

### निष्कर्ष

चिनियाँ नयाँ वर्ष र रातो पहिरन चीनको परम्परा र सांस्कृतिक पहिचानका अभिन्न अंग हुन् । नयाँ वर्षले परम्परागत मूल्य, परिवारप्रतिको सम्मान र सांस्कृतिक सद्भावलाई जोड दिन्छ, भने रातो पहिरनले यस पर्वको महत्वलाई अझ भव्य बनाउँछ । यी तत्वहरूले चीनको सांस्कृतिक धरोहरलाई मात्र होइन, विश्वव्यापी महत्वलाई पनि बलियो बनाएका छन् । चिनियाँ नयाँ वर्ष केवल चाड मात्र नभएर परिवारसँग समय बिताउने, आफ्नो परम्परा मान्ने र खुसी बाँड्ने समय हो । यसको गतिविधिहरूले चिनियाँ संस्कृति र सम्पदालाई अझ विशेष बनाउने गरेको छ । सायद यही रातो रंगको परम्परा नेपालमा पनि आइपुगेको हुनुपर्छ । उत्साह र उमंगको नयाँ वर्ष नयाँ दुलही सजिएको भन्दा कम हुँदैन । त्यो रोमाञ्चक रात, लालटिनको उज्यालो साँचै यो सुमधुर गीतको जस्तै आभास हुन्छ । मिस हिनादेवीले 'कान्छाले कान्छीलाई लग्यो बनको बाटो लालटिन बालेर' वि.सं. १९९० तिरै गाउनु भएको यो गीतपछि सन् १९५८ तिर मधुमति नामक फिल्ममा प्रसिद्ध गायिका आशा भोश्लेले गाएको भेटिन्छ । यस्तै, उत्साह, उमंग र रोमाञ्चक तरिकाले चिनियाँ नयाँ वर्ष मनाइन्छ । सिन न्यान ख्वाइल ! नयाँ वर्षको शुभकामना !

## इतिहासमा आज

२५ जनवरी १९९४ मा पहिलो शीतकालीन ओलम्पिक फ्रान्समा सुरु भएको थियो । जहाँ कुल ६ खेल भएको थियो ।



२५ जनवरी १९४९ पहिलो एमी अवार्ड समारोह हलिउड एथलेटिक क्लबमा आयोजना गरिएको थियो ।



२५ जनवरी १८०२ को दिन चर्चित व्यक्ति नेपोलियन बोनापार्टले फ्रान्समा सेनापतिको पद सम्हालेका थिए । मानव इतिहासको सबैभन्दा विवादास्पद, प्रभावशाली र चर्चित व्यक्तित्वहरूमध्ये उनलाई पनि लिइन्छ ।




२५ जनवरी २००४ मा नासाको अवसर रोभर मंगल ग्रहको सतहमा अवतरण भयो । जुन १०, २००३ मा स्पिरिट रोभरको प्रक्षेपणले नासाको मार्स एक्सप्लोरेसन रोभर मिशनको सुरुवात गरेको थियो ।



# ट्रम्पको नेतृत्व र विश्व राजनीति

विचार



● लेखराज रेग्मी

> जतिसुकै गफ दिए पनि अमेरिकनहरू रुस र चीनका चुनौतीहरूलाई केही कमजोर र अनुकूल बनाएर अर्को भाषामा रुस र चीनलाई गलाएर नयाँ सम्झौताको स्थिति बनाउन चाहन्छन् । यस कारण युक्रेनलाई उक्साएर रुसलाई, इजरायललाई उक्साएर रुस र इरानलाई र प्रशान्त क्षेत्रमा चीन र कोरियालाई दबाबमा राख्न दक्षिण कोरिया र ताइवान मसला उचालिरहेका छन् ।

अमेरिकाका नवराष्ट्रपति डोनाल्ड ट्रम्पको बहुप्रतिक्षित सत्तारोहण समारोह सकिएको छ र उनले केही महत्वपूर्ण सवालमा निवर्तमान राष्ट्र प्रमुखभन्दा आफूलाई फरक देखाउने पहल थालेका छन् । नेपालका र भारतका मिडियाकर्मीहरू लगानीकर्ताको भाषामा ट्रम्पलाई देवत्वकरण र चीन कोरिया र रुसको सर्वनाशको गाथा गाइरहेका छन् । बिबिसी सुन्नेहरूले यस्ता छनक सायद पाउनुभयो होला, रुसको जिद्दीको कारण ट्रम्पले युक्रेनलाई संरक्षण र सहयोग गरिरहनेछ, रुस लाचार बन्नेछ । तर, सत्य यो होइन युरोपियनहरू रुसको शक्ति र पुटिनको तेवरसँग आतंकित छन् । यसको एउटा कारण अरब एकताको सम्भावना र प्राकृतिक स्रोतको दोहनमा गतिरोध स्वेज नहर र पनामा नहरको रुट चीन र रुसको लागि सरल बन्नु, कोरिया विवाद र ताइवान विवादलाई कारण बनाएर प्रशान्तमा पश्चिमको हस्तक्षेप माथि रुस-कोरिया र चीनको एलाइन्स बन्नु, अफ्रिका, दक्षिण अमेरिका अरब र दक्षिण एसिया तथा हिन्द महासागरमा पश्चिमा वर्चस्व कमजोर हुन थाल्नु, भूमध्यसागर, कालासागर र लालसागरमा समेत चुनौतीहरू पैदा हुनु, अमेरिकी युरोपेली स्वार्थमा एक प्रकारको संकट हो । यससँगै इन्धनमा रुस आश्रित स्थिति उनीहरूको लागि ठुलो चुनौती बनेको छ ।

जतिसुकै गफ दिए पनि अमेरिकनहरू रुस र चीनका चुनौतीहरूलाई केही कमजोर र अनुकूल बनाएर अर्को भाषामा रुस र चीनलाई गलाएर नयाँ सम्झौताको स्थिति बनाउन चाहन्छन् । यस कारण युक्रेनलाई उक्साएर रुसलाई, इजरायललाई उक्साएर रुस र इरानलाई र प्रशान्त क्षेत्रमा चीन र कोरियालाई दबाबमा राख्न दक्षिण कोरिया र ताइवान मसला उचालिरहेका छन् । तर, चीन र रुसप्रतिको निर्भरता उनीहरूको यस्तो कमजोरी बनेको छ कि उनीहरूका नाकाबन्दी नकाम भइरहेका छन् । यसरी प्रशान्त र आन्ध्र महासागर मात्र होइन, स्पेसमा समेत चीन र रुसको चुनौती महसुस गर्ने ठाउँमा उनीहरू पुगेका छन् ।

आज आफैले उक्साएका युक्रेन, इजरायल र ताइवान उनीहरूका लागि तातो आलु जस्तै निल्नु न ओकल्नुको समस्या बनेका छन् । आफ्नै जालमा आफै फसेर आणविक आक्रमणको खतरामा पर्ने आशंकामा संसस्त्र बनिरहेका छन् । युद्ध रुसलाई भन्दा युरोप र अमेरिकालाई महँगो पर्न थालेको छ । युद्धका कारण हुने भौतिक र मानवीय क्षतिका बाबजुद रुस उनीहरूभन्दा अनुकूल स्थितिमा देखिन्छ ।

यस कारण ट्रम्पले एकातिर विश्वयुद्धको खतरा रोक्ने पलपुर नारा लगाउनु, अर्काको लागि युद्ध नलड्ने चेतावनी जारी गर्नु, नाटोबाट हट्ने प्रचारबाजी गर्नु सिस फायरको कुरा उठाउनु अमेरिकी हितको लागि आवश्यक कूटनैतिक विषयहरू हुन् । समर्थकहरूको मनोबल नगिरोस् भनेर चीन र रुसलाई धम्काउनु ट्रम्पको कूटनैतिक बाध्यताको चालबाजी हो । रुस र चीन मध्य पूर्व र युक्रेन युद्धको कारण कमजोर बनिरहेको युरोपियन अर्थ राजनीति बलियो बन्न दिएर आफ्नो खुट्टामा आफै बन्चरो नहान्ने तर आफ्नो जनताको मनोभावना बुझेर युद्ध रोक्न सहमति गर्नुपर्ने स्थितिमा रुस पनि छ । कमसेकम अमेरिका युद्धबाट बच्न चाहन्छ र युक्रेनलाई सहयोग जारी राख्दै युक्रेनको बढ्दो माग झेल्नबाट बच्न चाहन्छ ।

तर, यसलाई रोकिएन भने अमेरिकी वर्चस्व खुम्चिने र प्रत्यक्ष युद्धमा फस्ने खतराबाट बच्न अमेरिकाले शासक अनुहार बदलेर पहलकदमी लिन चाहेको कुरा निर्वाचनले पुष्टि गरेको यथार्थ हो । नाटोको प्रयत्न पनि अन्ततः यही नै हो । साथै, यति बेला शान्ति सम्झौता हुन नसक्नु भनेको सबैको चुनौती बढ्ने कुरा हो । यही कमजोरी लुकाउन गरिने चर्का बयानबाजी युद्धको निरन्तरताको कारण नबनोस् भन्ने उनीहरूलाई लागेको छ । यस कारण नेपथ्यका खेल र आकस्मिक युद्ध अन्तको घोषणा कुनै पनि बेला आश्चर्यजनक ढंगले आउन सक्ने सम्भावना बढेको कुरा देख्न सकिन्छ । यस कारण भुकाइहरू जति चर्का होउन, कोसिस युद्धको स्थगनको दिशामा छन् ।

तर, केही कुपमन्डुकहरू सतहको मापनबाट गहिराइको बारेमा भड्काउपूर्ण समाचार बनाएर बेचिरहेका छन् । खासगरी आन्तरिक राजनीतिमा बरालो लागेका र अन्तर्राष्ट्रिय कूटनीतिमा असफल भइरहेका मोदी र उनका गोदी मिडिया बेतुक प्रेशिकप्सन बाँडेर आत्मरति गर्न खोजिरहेका छन् । यो प्रचार यथार्थभन्दा निकै फरक छ । यस कारण नेपालले आफूलाई सक्षम बनाउन सक्दा कूटनैतिक सफलता तथा देश हितमा केही गर्न सकिने अवसरहरू खुल्दै छन् तर, लाचारी र लपस्तराई राष्ट्रिय चरित्र बनाउन थालेपछि नोक्सानी सहनुको विकल्प रहने छैन । यस कारण सत्ता इतर राजनीति गर्नेहरूले पहल कदमी बढाउने यो सुन्दर अवसर नगुमोस् भन्नेमा सचेत भूमिकामा आउन आवश्यक छ ।

# बुटवलमा औपचारिक कार्यक्रममा खादा, माला निषेध

**सरु भुसाल/मध्यान्ह**
बुटवल, १२ माघ

बुटवल उपमहानगरपालिकाले औपचारिक कार्यक्रममा खादा र माला प्रयोगमा निषेध गर्ने निर्णय गरेको छ । शनिबार सम्पन्न नगरसभाको अधिवेशनले धार्मिकबाहेकका कार्यक्रममा खादा र माला प्रयोग नगर्ने निर्णय पारित गरेको हो ।

नगरसभाले औपचारिक कार्यक्रमहरुमा मञ्चमा ७ जनाभन्दा बढीले आसन ग्रहण नगर्ने र औपचारिक कार्यक्रमहरुलाई छरितो बनाउँदै लैजाने निर्णय गरेको छ ।

नगरसभाको बैठकमा प्रमुख खेलराज पाण्डेयले प्रस्तुत गरेको प्रस्ताव सर्वसम्मतिले पारित भएको थियो । सभामा बोल्दै नगर प्रमुख खेलराज पाण्डेयले बुटवलको विकासमा प्रदेश र संघीय सरकारसँग सहकार्य गर्दै अगाडि बढ्ने प्रयास गरेपनि अपेक्षाअनुरुप बुटवलका मुख्य र ठूला समस्यामा साथ नपाएको बताए । उनले आन्तरिक श्रोत संघ र प्रदेशको



अनुदानबाट जे-जति बजेट छ, त्यसैबाट बुटवलको विकासका कामलाई अगाडि बढाउने गरी कार्यक्रम र योजनाहरु अगाडि सारेको बताए ।

उनले नगरका मुख्य समस्या समाधानका लागि संघ र प्रदेशले विशेष चासो दिएर श्रोतबारे सोचविचार गर्नुपर्ने बताए । ज्योतिनगर पहिरो, तिनाउ नदीकिनारको बस्ती, तिनाउ करिडोरका कारण विस्थापितहरुको बारेमा संघ, सरकारसँग पटक-पटक छलफल भएपनि निकास ननिस्किएको उनले बताए ।

बुटवलको विकास सबै पक्षको सहकार्यबाट मात्रै सम्भव रहेको भन्दै उनले विकासका कामले तीव्रता लिएको बताए । उनले मुख्य सडकमा ट्राफिक लाइट जडान, हाइमास्ट लाइट जडान, बधशाला सञ्चालन, बसपार्कमा स्नानगृहसहितको शौचालय, मुख्य सडकको हरियाली जस्ता कामहरु सम्पन्न भइसकेको बताए ।

यस्तै, आम्दा अस्पतालमा पारामेडिकल अध्ययन शुरु र अस्पतालको स्तरोन्नति शुरु भएको र वडा नम्बर १३ र १७ मा १५-१५ बेडका अस्पताल निर्माण सम्पन्न भएको र छिट्टै सञ्चालन हुने उनले बताए । बीटीआइमा ४० जना छात्रालाई निःशुल्क अध्ययनको व्यवस्था, सीपमूलक तालिम र रोजगारका लागि नगरप्रमुख गृहणी महिला स्वारोजगार कार्यक्रम, मेयर युवा इलम कार्यक्रम, उपप्रमुख महिला आत्मनिर्भर कार्यक्रम, बाआमासँग नगरप्रमुख कार्यक्रम नियमित रुपमा सञ्चालन भइरहेको प्रमुख पाण्डेयले बताए ।

उनले युवाहरुलाई खेलमा आकर्षित गर्नका लागि विद्यालयस्तरीय मेयरकप फुटबल प्रतियोगिता, भलिबल प्रतियोगिता, क्रिकेट प्रतियोगिताहरु सञ्चालन गर्ने र खेलमैदानहरुको स्तरोन्नति गर्ने काम भइरहेको बताए । प्रमुख पाण्डेले चालु आर्थिक वर्षमा केही अधुरा कामले पूर्णता पाउने र एउटा नतिजा देखिने बताए ।

नगरसभामा उपप्रमुख सावित्रादेवी अर्यालले चालु आर्थिक वर्षका लागि संघ र प्रदेश सरकारमा केही ठूला योजनाको सिफारिस गर्ने र खर्च नहुने विकास बजेट शीर्षकान्तरसम्बन्धी गरेको प्रस्ताव सर्वसम्मतिले पारित गरिएको प्रमुख प्रशासकीय अधिकृत मित्रमणी खनालले जानकारी दिए ।

# बौद्धिमाइमा सडक विस्तार विवाद घरमा आगजनी, २५ बढी घाइते

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १२ माघ



रौतहटको बौद्धिमाइ नगरपालिकाको वडा नं.८ र ९ सरमुजवामा प्रहरीद्वारा स्थानीयको घर तोडफोड र आगजनी गरिएको छ । मेयर प्रदीप यादव र प्रहरीले जबरजस्ती स्थानीयको घरमा तोडफोड गर्नुका साथै आगजनी गरेको र विरोध गर्नेलाई घरमै पसेर कुटपिट गरेको स्थानीयले आरोप लगाएका छन् ।

मेयर यादवले मापदण्ड र छलफल नगरी मनोमानी तरिकाले सडक फराकिलो बनाउने र डोजर चलाउने गरेको स्थानीयले बताए । यस विषयमा पछिल्लो एक महिनादेखि विवाद हुँदै आएको छ । मेयर यादवले प्रहरीको सहयोगमा स्थानीयको घर तोडफोड, आगजनी एवं कुटपिटमा उत्रिएको स्थानीय एवं पूर्व वडाध्यक्ष श्रीभगवान पटेलले बताए ।

सरमुजवामा दुई सय भन्दा बढी प्रहरी परिचालन गरिएको थियो । प्रहरीको कुटपिटबाट २५ भन्दा बढी स्थानीय घाइते भएका छन् । स्थानीयको घरका साथै, घर नजिकै राखिएको पराल, थ्रेसरमा आगजनी गरिएको पटेलले बताए ।

यस अघि बौद्धिमाइ नगरपालिकाका मेयर यादवकाविरुद्धमा स्थानीयले नाराजुलुस गरेका थिए । बौद्धिमाइ नगरपालिकाको बंकुल बजार स्थित कार्यालय अगाडि स्थानीयले मेयरकोविरुद्धमा नारा लगाउँदै घेराउ समेत गरेका थिए ।

## Inivitation for Online Bids

Government of Nepal
**Chhabispathibhera Rural Municipality**
Byansi, Bajhang
Sudarpaschim Province, Nepal
Date of Publication (Jan 26, 2025)

1. The Chhabispathibhera Rural Municipality Byansi Bajhang invites Online Bid Form eligible bidder for the construction of the following works.

| Contrect idenification no | Description of work | Estimated Amount (Exclusive (VAT& PS ) | Bid Doc. Fee NRs | Bid Security NRs | Bid Security Validity | Remarks |
|---|---|---|---|---|---|---|
| CPRMBJH/NCB/ W/S/05-2081-082 | Jalebagar to Bhadebagar Seti Kinar RCC Tatbandhan construction work at CPRM-1 | 60,66,710 | 3000 | 172,000 | 120 Days | |

2. Eligible Bidders may obtain further information form PPMO website:www.bolpatra.gov.np/egp.

| Last Date and Time for Bid Purchase | Lasta Date and Time for Bid Submission | Date and Time for Bid Opening |
|---|---|---|
| Date: Feb 25, 2025 12:00 | Date: Feb 25, 2025 12:00 | Date: Feb 25, 2025 13:00 |

| Cash Deposit for Purchases of bid Document | | Cash Deposite for Bid Security | |
|---|---|---|---|
| Bank | Kumari Bank LTD Byansi, Bajhang | Bank | Kumari Bank Byansi, Bajhang |
| Account Name | Chhabispathibhera Rural Municipality | Account Name | Chhabispathibhera Rural Municipality |
| Account Number | 0900037897600022 | Account Number | 0900037897600003 |
| Office code | 801077006 | Office code | 801077006 |
| Revenue Head | 31159 | Revenue Head | 31159 |

**Chief Administrative Officer**

# महासंघका निर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई सम्मान




**वीरगन्ज/मस**–नेपाल मुस्लिम पत्रकार संघ पर्साले नेपाल पत्रकार महासंघका निर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई सम्मान गरेको छ । पत्रकार महासंघका केन्द्र, प्रदेश र जिल्लामा निर्वाचित पत्रकारहरुलाई सम्मान गरिएको हो । कार्यक्रमका प्रमुख अतिथि वीरगन्ज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले दोसल्ला र सम्मानपत्रसहित उनीहरुलाई सम्मान गरेका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै उपप्रमुख इम्तियाज आलमले राज्यले गर्ने सही र गलत काम पत्रकारले नै उजागर गर्ने र समाजले पनि पत्रकारलाई नै विश्वास गर्ने भएकाले क्षणिक स्वार्थमा लागेर गरिने पत्रकारिताले पेशागत विश्वसनीयतामा समेत नकारात्मक प्रभाव पार्ने बताउँदै त्यस्तोमा नलाग्न आग्रह गरे । सो क्रममा उनले स्व. पत्रकार नेहाल खानका परिवारलाई सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

नेपाल मुस्लिम पत्रकार संघ पर्साका अध्यक्ष मन्सुर मियाँको अध्यक्षतामा भएको कार्यक्रममा प्रेस काउन्सिलका सदस्य लालबाबु शेख, नेपाल पत्रकार महासंघका केन्द्रीय लेखा समिति संयोजक केसी लामिछाने, मधेश प्रदेश अध्यक्ष श्याम बञ्जारा, पर्सा अध्यक्ष ओमप्रकाश खनालगायतले शुभकामना व्यक्त गरेका थिए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ पर्साकी उपाध्यक्ष निलिमा पौडेल, सचिव विजय चौहान, प्रेस सेन्टर नेपालका केन्द्रीय सदस्य निरज पिठाकोटे मगर, सशस्त्र प्रहरी नायव उपरीक्षक नरेन्द्र सिंह धामी, वडा प्रहरी कार्यालयका प्रहरी निरीक्षक निरोज चौलागाईंलगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा स्व.पत्रकार नेहाल खानको परिवारलाई मुस्लिम पत्रकार संघको तर्फबाट ३१ हजार रुपैयाँ नगद सहयोग हस्तान्तरण गरिएको थियो ।

# राजापुरमा जिल्लास्तरीय हाजिरी जवाफ छनोट प्रतियोगिता



**बर्दिया/मस**–बर्दियाको राजापुर नगरपालिकामा जिल्लास्तरीय हाजिरी जवाफ छनोट प्रतियोगिता सम्पन्न भएको छ । निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल बर्दियाको आयोजनामा राजापुर नगरपालिका वडा नं. २ बाला बजारस्थित सहारा बोर्डिङ स्कुलमा प्रतियोगिता सम्पन्न भएको हो । प्रतियोगितामा राजापुर नगरपालिका र गेरुवा गाउँपालिका अन्तर्गतका ७ वटा निजी तथा आवासीय विद्यालयहरूका आधारभूत तहका २१ जना छात्र छात्राहरू सहभागी थिए ।

प्रतियोगितामा ग्रेट नेपाल लर्नर एकेडेमी राजापुर प्रथम, नवज्योति पब्लिक बोर्डिङ स्कुल जनकनगर द्वितीय र पिसल्याण्ड बोर्डिङ स्कुल प्रसेनीपुर तृतीय भएका छन् ।

प्रथम, द्वितीय र तृतीय हुने तथा प्रतियोगितामा सहभागी हुने सहभागी छात्र छात्राहरूलाई राजापुर नगरपालिका वडा नं. २ का वडाध्यक्ष रामचन्द्र चौधरीले पुरस्कार तथा प्रमाणपत्र प्रदान गरेका थिए । प्रतियोगितामा प्रथम र द्वितीय हुने विद्यालयलाई जिल्लास्तरीय प्रतियोगितामा समावेश गराइने आयोजकले जनाएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/१०/१३**

**हेल्थ पल्स फार्मेसी प्रा.लि.** को २०८१/१०/०३ गते सम्पन्न वार्षिक/ विशेष/ साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सिजन हेल्थ फार्मेसी प्रा.लि. (प्रा.लि. नं.: ३५३०५४)** कायम गर्ने गरी मिति २०८१/१०/०९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **टाइटानिक म्यानपावर सप्लायर प्रा.लि. (श्रम इजाजत पत्र नं. २८५/०५८/०५९)** मा Embassy Relation Officer को पदमा कार्यरत **श्री उमा कान्त भट्ट (नागरिकता नम्बरः ३३५४/४२१)** हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै निजसँग यस प्रा.लि.को कर्मचारीको हैसियतमा कुनै पनि किसिमको कारोबार नगर्न/नगराउनु हुन तथा यदि सो गरे गराएमा यस प्रा.लि. जिम्मेवार नहुने व्योहोरा यसै सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराईन्छ । यस बारेमा यदि कुनै दाबी बिरोध भएमा यस प्रा.लि.मा वा वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौंमा, ७ (सात) दिन भित्र सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

TITANIC Ethical Recruitment Agency Since 2002
ISO 9001:2015 Certified Recruitment Agency
**टाइटानिक म्यानपावर सप्लायर प्रा.लि.**
**(Titanic Manpower Supplier Pvt. Ltd.)**
इजाजत पत्र नं.: २८५/०५८/०५९ (Licence No. 285/058/059 - 2002 A.D.)
बसुन्धारा चौकी, काठमाडौं, नेपाल (Basundhara Chauki, Kathmandu Nepal)
+९७७-१-४९५३२५२ । ४९६४६५९ (+977-1-4953252 | 4964659)
Email: recruitment@titanicmanpower.com Website:www.titanicmanpower.com
"An Ethical Recruitment Agency Where Integrity Matters"

## कृष्णपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### गुलरिया, कन्चनपुर
### सुदूरपश्चिम प्रदेश, नेपाल

## बिद्युतीय बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/१०/१३**

यस कार्यालयको आ.व. २०८१।०८२ को बार्षिक कार्यक्रम अनुसार तपशील अनुसारको कार्य गर्न इजाजत प्राप्त फर्म तथा कम्पनीहरुबाट आवश्यक कागजात संलग्न राखी देहायको मिति र समयभित्र अनलाईन बोलपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।

| ठेक्का नं. | विवरण | लागत अनुमान रकम ढुवानी सहीत | फाराम दस्तुर रु. | धरौटी/जमानत रकम रु. | धरौटी/जमानत रकमको म्याद |
|---|---|---|---|---|---|
| 27-MED-2081/082 | कार्यालयका लागी औषधी खरिद | ४४,००,०००।- | ३,०००।- | १,१०,०००।- | १२० दिन |

| बैंकको विवरणः कुमारि बैंक, शाखा कार्यालय गुलरिया, कञ्चनपुर | बोलपत्र सम्बन्धी कागजातहरु www.bolpatra.gov.np/egp. बाट तोकीएको फारम दस्तुर तिरी खरिद गर्न सकिनेछ । ठेक्का सम्बन्धी बिस्तृत विवरण बोलपत्र सम्बन्धी कागजपत्रमा उल्लेख गरिएको छ । |
|---|---|
| जमानत खाता (धरौटी खाता) ग ३ : २७००२४८२१६२००००४<br>आन्तरिक राजश्व खाता ग १.१ : २७००२४८२१६२००००९ | |


१. बोलपत्रको दर्ता मिति २०८१।११।१३ दिनको १२:०० बजे र खोलिने मिति सोही दिनको १४:०० बजे हुनेछ ।
२. बोलपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
३. औषधीको हकमा Expire Date स्टोर दाखिला भएको दिनबाट कम्तीमा १८ महिना बाँकी भएको हुनुपर्नेछ र १८ महिना भन्दा कम Self-life भएका औषधिहरुको हकमा स्टोर दाखिला भएको मितिबाट कम्तीमा ७५ प्रतिशत म्याद बाँकी हुनुपर्नेछ ।
४. विश्व स्वास्थ्य संगठनको कुशल उत्पादक प्रक्रिया भएको प्रमाणित प्रमाणपत्र भएको (WHO-GMP Certified) उत्पादनकर्ताबाट उत्पादित औषधी मात्र सप्लाई गर्नुपर्नेछ । सो प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
५. सूचनामा परेका ब्यहोराहरु बाहेक अन्यको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहीत) तथा नेपाल सरकारको कानुन अनुसार हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# ‘मौन’को फर्स्टलुक पोस्टरमा प्रार्थना

**काठमाडौं/मस–** रिसर्चमा आधारित डकुड्रामा ‘मौन’को फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको छ। सेलिब्रेटी टाइम्सको ब्यानरमा निर्माण गरिएको यस फिल्मलाई विभिन्न फेस्टिभल, च्यारिटी शो तथा विशेष प्रदर्शनमार्फत दर्शकमाझ पुऱ्याउने तयारी गरिएको छ।

शनिबार सार्वजनिक पोस्टरमा फिल्मकी मुख्य पात्र प्रार्थना पाठकलाई फिचर्ड गरिएको छ। चर्चित कलाकारहरू सरोज खनाल र हिउँवाला गौतमलगायतलाई भने लुकाइएको छ। पोस्टरसँगै फिल्मका मुख्य टिम सदस्यहरू पनि सार्वजनिक गरिएका छन्।




फिल्मका निर्देशक तथा निर्माता रामजी ज्ञवालीले आफ्नो अफिसियल फेसबुक पेजमार्फत भनेका छन्, ‘ मौन कुनै व्यावसायिक प्रोजेक्ट मात्र होइन, न त हलमा दर्शक तान्न अनावश्यक भ्रम छर्ने कुनै योजना। यो एउटा वास्तविक जीवनसँग जोडिएको कथा हो, जसले समाजलाई सचेत बनाउन महत्वपूर्ण भूमिका खेल्नेछ।’

फिल्मको कथा चर्चित निर्देशक रामशरण पाठकले लेखेका हुन्। सिनेमाटोग्राफी संकल्प भुजेल, सहायक निर्देशन वसन्त अधिकारी तथा पोस्टर फोटोसुट कुवेर डंगोलको रहेको छ भने पोस्टर टौवा स्टुडियोमा निर्माण भएको हो।

यस प्रोजेक्टमा बरिष्ठ कलाकार सरोज खनाल, हिउँवाला गौतम, नव कलाकारहरु प्रार्थना पाठक, ओजस्वी विक्रम विस्ट, दिवस नाथ लगायतका कलाकार रहेको जनाइएको छ। फिल्मका सहायक निर्माता हरि क्षेत्री भुपेन्द्र हुन्। फिल्मको प्राविधिक पक्षमा भरत कंडेलले साउण्ड डिजाइनिङ, राजेन्द्र मोक्तानले कलर ग्रेडिङ र नहकुल खड्काले सम्पादनको जिम्मेवारी सम्हालिरहेका छन्।

फिल्मको आधिकारिक कथा नखुलाइए पनि निर्देशक ज्ञवालीका अनुसार ‘मौन’ १ सय ६८ मिलियनभन्दा बढी व्यक्तिहरूको यथार्थ कथामा आधारित छ। यस डकुड्रामालाई नेपालका विभिन्न स्कुल, कलेज तथा संघसंस्थाहरूमा विशेष शोमार्फत प्रदर्शन गरिने बताइएको छ। फिल्म चाँडै दर्शकमाझ आउने तयारीमा रहेको निर्माण टिमले जनाएको छ।

निर्माता तथा निर्देशक रामजी ज्ञवाली एक दशक लामो पत्रकारिता यात्रा पश्चात् फिल्म निर्देशनमा प्रवेश गरेका हुन्। उनको प्रतीक्षित डकुमेन्ट्री सर्ट फिल्म ‘रित्तो गाउँ’ १ वर्षअघि तयार भइ हाल विभिन्न फिल्म फेस्टिभलहरू तथा च्यारिटी शोहरूमा प्रदर्शन भइरहेको छ। त्यस्तै उनको अर्को महत्वपूर्ण प्रोजेक्ट ‘मौन’लाई पनि अवार्ड, विशेष प्रदर्शन तथा च्यारिटी शोहरूमा सहभागिता गराउने योजना रहेको छ। निर्देशक ज्ञवालीले यसअघि ‘डार्कमुन,’ ‘लापत्ता सन्तान,’ ‘हनिमुन,’ ‘आराध्या,’ ‘ लिलामी’ लगायतका चर्चित सर्ट फिल्महरूका साथै केही डकुमेन्ट्री तथा दर्जनौं म्युजिक भिडियो निर्देशन गरिसकेका छन्।

# ‘कि त मार मायामा बैना’ सार्वजनिक



**काठमाडौं/मस–** गायक बद्रीप्रसाद सिटौलाले ‘कि त मार मायामा बैना’ नयाँ लोकदोहोरी गीत ल्याएका छन्। गीतमा गायक सिटौला र पार्वती कार्कीको समुक्त स्वर दिएका छन्। ‘कि त मार मायामा बैना’ गीतको एरेन्ज तथा संगित सुफिक्स मदनको र शब्द राजकुमार खनालको रहेको छ।

म्युजिक भिडियोमा आर्यन विरही र गीता बुढाथोकीले अभिनय गरेका छन्। म्युजिक भिडियोको निर्देशन बद्रीप्रसाद सिटौला गरेको हुन् भने छायांकन तथा सम्पादन साजन पराजुलीले गरेका हुन्। गीतलाई बद्री लोकमालाले बजारमा ल्याएको हो।


## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस ट्रेस इन्टरनेशनलले चाईनाबाट पैठारी गरिएको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि. नं. | माल वस्तुको विवरण | आधार/प्रकार | बान्ड | मोडल | क्षमता | उत्पदित मुलुक/राष्ट्र | इकाई | अधिकतम खुद्रा विक्री मूल्य (MRP) | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | इलेक्ट्रिक कार्गो रिक्सा | इलेक्ट्रिक | ट्रेस | DB | १००० KG 1 DRIVER | चाइना | पिस | २,२५,५००।०० | |
| २. | इलेक्ट्रिर्क रिक्सा | इलेक्ट्रिक | ट्रेस | FT3 | ५५० KG/ 4 PASSENGER & 1 DRIVER | चाइना | पिस | २,२७,५००।०० | |

अधिकृत बिक्रेता : ट्रेस इन्टरनेशनल
बिरगंज-१३, श्रीपुर, पर्सा, सम्पर्क - ९८१९२१०६४२
एक्जिम कोड न. ६३८३०४३१०१२०NP
फोन नं. ९८५५०२५०५१

## यूएईमा रोजगार

कम्पनी : AL MUSTADAM CLEANING AND MAINTENANCE L.L.C
शहर: AJMAN
पुर्व स्वीकृत मिति: २०८१/१०/११
चलानी नं.: ६०२३१८९७
L.T. No.:317678

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,०९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Tile Layer | 16 | 0 | | 1200 | ४५,०९६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ २० गते (2 February 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Fair Connect Resource Pvt. Ltd.
श्रम इजाजत नं.: १२७९/०७४/०७५
Dhumbarahi-4, Manakamana Galli, Kathmandu Nepal, Tel :- 00977-1-5905737, Email :- agencyfcr@gmail.com

## साउदीमा रोजगार

कम्पनी: HUSSAIN ALI AL KAABI CONTRACTING COMPANY
शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८१/१०/११
चलानी नं.: ६०२३१९०७
L.T. No.: 317645

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker /Labour | 4 | 0 | स. काममा दक्ष | 1000 | ३६,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: Hussain Ali Al Kaabi Contracting Company
शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८१/१०/११
चलानी नं.: ६०२३१९०६
L.T. No.: 317646

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३६,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: HUSSAIN ALI AL KAABI CONTRACTING COMPANY
शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८१/१०/११
चलानी नं.: ६०२३१९०५
L.T. No.: 317647

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३६,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ माघ २० गते (2 February 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

